# अध्याय एक

# अध्ययनको परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालमा दुई प्रकारका विधवा भन्ने प्रचलनमा छ । एउटा केवल विवाहको विधिमात्र पुरा भएको तर पतिसँग कुनै शारीरिक सम्बन्ध नभएकि महिला यस्ता महिलाको पतिको मृत्यु भएको रहेछ भने त्यस्ता पत्नीलाई बालविधवा भनिन्छ । त्यस्ता बालविधवाले पनि पन्तीको सम्बन्धका बारेमा केही पनि अनुभव गर्न पाएका हुँदैनन । दाम्पत्य जिवनको उपयोग गर्ने अवस्थै नपुगेको अर्थात् कलिलै उमेरमा विवाह भई उमेर पुग्न नपाउँदै लोग्नेको देहावसान भएको रहेछ भने त्यस्ता महिलालाई बालविधवा भनिन्छ ।

अर्को श्रेणीको महिला हुन विधवा यस्ता विधवाले पतिपत्नीको सम्बन्धका बारेमा जानेको, बुझेको तर कसैको बालबच्चा पनि भएको र कसैको बच्चाबच्ची नभएको । बच्चाबची भए पनि उमेर पुगेर पतिसँगको दाम्पत्य जीवन बिताएकि पत्नीलाई लोग्ने मरेपछि विधवा भन्ने चलन छ । हाँसखेल गर्न नहुने रमाइलो गर्न नहुने, एक रङ्गीन लुगा लगाउन नहुने पुजापठ र धार्मिक चाडपर्वमा अघि सर्न नहुने, धार्मिक काममा निषेध गरिएको हुन्छ (नेपाल समाचार, २०५५/१०/२८) डा. कविताराम श्रेष्ठ) ।

विधुवाले विवाह गर्नु हुँदैन भन्ने परम्परावादी, समाजमा बलियो धारणा छ । यदि विवाह गर्‍यो वा अरु लोग्नेमानिससँग सम्बन्ध राख्ने भने त्यसलाई समाजले बिल्कुलै रुचाउँदैन । पिछडिएको र अविकसित समाजमा त विधवाको दिनचर्याको रेकर्डसमेत समाजले राख्छ । यदि विधवाले लोग्ने मानिस जस्तै स्वतन्त्र रूपले व्यवहार गरेको देखियो भने यस्तो कामकारवाहीलाई पिछडिएको समाजले आपत्तिजनक व्यवहार गरेको ठहर्‍याउँछ ।

मानिस सामाजिक प्राणी हो । जुनसुकै समाज निर्माणको लागि पनि महिला र पुरुषको सहभागिता आवश्यक पर्दछ । हाम्रो जस्तो नेपालको हिन्दू समाजमा महिलाहरूलाई द्वैध रूपमा हेरिएको पाइन्छ । एकातिर महिलालाई सम्मानजनक स्थानप्रदान गरिएको पाइन्छ भने अर्कोतर्फ त्यही महिलालाई हेय दृष्टिले हेरिएको अथवा तल्लो स्थानमा राखेको पाइन्छ । मनुस्मृतिमा महिलाहरू केटाकेटीमा आमाबाबुको नियन्त्रणमा, विवाहीत अवस्थामा श्रीमानको

नियन्त्रणमा भने बुढ्यौली अवस्थामा छोराछोरीमाथि निर्भर हुन्छन् भनिएको छ (एकल महिला सञ्जाल समूहः ८) ।

एकल महिलाको परिभाषा भित्र विभिन्न पाँच प्रकारका महिलाहरूलाई समेटिएको छ जुन यस प्रकार रहेको छ ।

- छोरीको रूपमा अविवाहित रहेकी महिला, जसले ३५ वर्ष नाघेकी हुन्छिन, त्यस महिलालाई एकल महिला भन्ने गरिन्छ ।
- श्रीमानको भौतिक रूपले मृत्यु भइसकेको तर सामाजिक रूपले भने फलानोकी श्रीमतीको पहिचान बोकेर जीवन निर्वाह गरिरहेकी महिलालाई एकल महिला भनिन्छ । जसलाई हाम्रो समाजले विधवा नामले परिभाषित गरेको छ ।
- श्रीमानसँग पारपाचुके गरेकी महिला, जसले पुनः विवाह गरेकी हुन्नन् ती महिलालाई एकल महिला भन्ने गरिन्छ ।
- श्रीमानसँग अलग्गै बसेकी महिलालाई पनि एकल महिला भन्ने गरिन्छ । जुन महिलाले पारपाचुके पनि गरेकी हुन्नन् र पुनः विवाह पनि गरेकी हुन्नन् ।
- श्रीमान हराइरहेका अर्थात् श्रीमानको अत्तोपत्तो केही छैन भने त्यस महिलालाई एकल महिला भन्ने गरिन्छ (थापा, २०६६) ।

माथि उल्लेखित एकल महिलाहरूमध्ये यस अध्ययनमा श्रीमानका मृत्यु भएका एकल महिला (विधवा) हरूको बारेमा अध्ययन अनुसन्धान गर्न खोजिएको छ ।

वि.सं. २०५८ सालमा राष्ट्रिय स्तरमा गरेको एकल महिला (विधवा) को भेलाले विधवा शब्दले हेय, हिनताबोध तथा समाजमा नराम्ररी चित्रण गरिएकाले सो शब्दको सट्टा श्रीमानको मृत्यु भएका महिलाहरूलाई “एकल महिला” नै भन्ने घोषणा गऱ्यो (एकल महिला सञ्जाल समुहः ५) ।

हाम्रो समाजमा विवाहित दम्पतीमा श्रीमान्को भन्दा पहिले श्रमितीको मृत्यु भएमा उसलाई सौभाग्यवती (सधुवा) भनेर चिनिन्छ र कमै मात्रामा श्रमिानलाई विधुर भन्ने गरिन्छ । तर श्रीमतीभन्दा पहिलो श्रीमान्को मृत्यु भएमा त्यस महिलालाई एकल महिला, विधवा,

राँडी भनेर उसको विवाहित स्तर नै खोसिदिन्छ समाजले । त्यसपछि महिलाको अत्यन्त दयनीय र दर्दनाक अवस्थाको प्रारम्भ हुन्छ र तल्लो स्तरको सामाजिक बहिष्कार गर्ने संस्थागत संरचनाहरूलाई क्रियाशिल गराउन थाल्दछ परिवार, समाज र राष्ट्रिय नियम र कानुन समेतले । फलस्वरूप श्रीमानको मृत्युपश्चात उक्त एकल महिला नितान्त एक्लो बन्न पुग्दछे आफ्नो संघर्षमय जीवन बिताउने क्रममा (ढुगांना, २०६२:९) ।

एकल महिलाहरूले आफ्नो सिन्दुर, चुरा, पाते लगायत सौभाग्यको प्रतिक रातो रंगलाई समेत त्याग्नुपर्ने प्रचलन प्राचिन समयदेखि रहीआएको छ । जसले गर्दा हाम्रो समाजमा सौभाग्यसूचक रातो रंगका कपडाहरू तथा श्रृङ्गारहरू प्रयोग नगरेका महिलाहरू टाढैबाट एकल महिला हो भनेर पहिचान गर्न सकिन्छ । ग्रामीण समाजले एकातिर एकल महिलाहरूलाई अबला र अनाथको संवेदना दिन्छ भने अर्कोतर्फ उनैमाथि अन्याय, अत्याचार र थिचोमिचो हुँदा पनि मुकदर्शक भएर बसेको पाइन्छ । यसका अतिरिक्त स्वयं एकल महिलाहरूमा पनि आफूलाई अनाथ तथा दु:खी सम्झने र आत्मग्लानीको भावनालाई प्रश्रय दिएर हिनताबोधमा डुब्ने गर्नाले समाजमा आफ्नो महत्वपूर्ण स्थानलाई पछाडि धकेल्ने काममा थप ऊर्जा उनीहरूबाटै प्रदान भएको पाइन्छ (रिजाल, २०६०: २) ।

एकल महिलाले लगाउने, खाने, बोल्ने, बस्ने, काम गर्ने जस्ता सबै कुरामा बन्देज लगाइन्छ । वच्चा छाडेर अर्को विवाह गर्छे या सम्पत्ति खान्छे भन्ने डरले अंश नदिने, दिए पनि बेच्न नमिल्ने गरी दिने, आमाको साथबाट वच्चा छुटाउने, श्रीमानको नाममा भएको सम्पत्ति दिन पनि जालझेल गर्दछन् । कतिपय घर परिवारले त सम्पति दिन नपरोस् भनेर घरबाट निकाल्न खोज्ने, कामको सिलसिलामा कुनै केटा मान्छेसँग बोल्यो भने 'बात' लगाउने समेत गर्दछन् । कानुनले पुर्नविवाहलाई स्वीकारेको छ तर समाजले भने गलत दृष्टिले मात्र हेर्छ (देवकोटा, २०६१: ४) ।

एकल महिलाहरूको हैसियत सबैभन्दा तल्लो दर्जामा रहेको पाइन्छ । उनीहरूले विभिन्न सामाजिक, सांस्कृतिक आर्थिक तथा मनोवैज्ञानिक समस्याहरू भोगिरहेका छन् । उनीहरूको सशक्तिकरण हुन सकेको छैन । एकल महिला सशक्तिकरणका विभिन्न प्रयासहरू भने भइरहेका पाइन्छन् । त्यसका लागि एकल महिलाहरूले विभिन्न चुनौतिको सामना पनि गर्नुपरेको अवस्था छ ।

सामाजिक, सांस्कृतिक र धार्मिक परिवेशमा हेपिएका एकल महिलाहरूलाई समाज र राष्ट्रले विस्तारै मान्यता दिँदै आएको छ । व्यक्तिगत संघसंस्था सँगै अन्तर्राष्ट्रिय संघ संस्थाले पनि एक महिला समूहलाई मद्दत गरेका र मान्यता दिएका समाचार पत्रपत्रिकामा पढ्न पाइन्छ । एकल महिलाहरूले आफ्नै घरभित्र घरेलु हिंसा र यातनाका साथै बाहिर विभिन्न ताड्ना सहदै आउनु परेको छ । धर्म संस्कृतिको नराम्रो प्रभाव पनि एकल महिलामा प्रशस्त परेको छ । पतिको मृत्यु भैसकेकी महिलालाई कुनै पनि शुभकार्यमा अगाडि पर्न नहुने परम्परा छ । समयसँगै धर्मका निर्देशनहरूमा परिवर्तन आवश्यक छ भन्ने सन्देश घरघरमा पुऱ्याउन आवश्यक छ । आजभन्दा तिन चार हजार वर्ष अघिको समाज सञ्चालनमा ध्यान पुऱ्याएर रचना गरिएका ग्रन्थका सम्पूर्ण नीति नियम आज पनि हामीले पालना गर्नु कहाँसमम वृद्धिमानी हो । त्यसैले हामीले रुठीवादी विचार त्याग्दै एकल महिलालाई स-सम्मान धार्मिक र सामाजिक, अभागी, अवला, विजरा जस्ता शब्दको प्रयोग गर्न छोडेर एकल महिलालाई परिवारका अरु सदस्य सरह व्यवहार गर्ने परिपाटी गर्दै विकासमा लैजानु आवश्यक छ (प्रा.डा. विना पौड्याल, विविध आयाममा नेपाली महिलाहरू, २०६७, १३५-१३८) ।

एकल महिलाको हैसियत सबैभन्दा तल्लो दर्जामा रहनुको कारण परम्परागत रुढीवादी समाज र त्यसमा पनि श्रीमानको मृत्यु पछाडि, समाजको अपहेलित दृष्ट्रिकोण हो । एकल महिला न त स्वतन्त्र रूपले हिडडुल गर्न पाउने, न त आय आर्जनमुलक काम गर्न त्यति सहज हुने र आफ्नो परिवारको जिम्मेवारी बहन गर्न सक्ने हुन्छन । त्यसका पछाडि अशिक्षा अज्ञानता देखि पुरुष प्रधान समाजको विशेष भूमिका रहेको हुन्छ ।

हाम्रो समाजमा एकल महिला खासगरी अरु महिलाबाटै पिडित भइरहेका हुन्छन् । उनीहरूको दैनिक क्रियाकलाप देखि उनीहरूको चालचलनमा सम्म महिलाहरूले नै प्रश्न चिन्ह उठाइरहेका हुन्छन् ।

## १.२ अध्ययनको पृष्ठभूमि

एकल महिलाहरूको समाजमा, समाजले दिएको असमान भूमिका रहेको छ । महिला तथा एकल महिलाहरूको पनि समाजमा पुरुषसमान भुमिका हुनुपर्दछ भन्ने लैङ्गिक दृष्टिकोणमा यो अध्ययन केन्द्रित रहेको छ । नेपाली समाजमा एकल महिलाहरू सर्वत्र भए

तापनि तिनीहरूको विषयमा खासै अनुसन्धान तथा व्याख्या विश्लेषण गरिएको पाइँदैन । एकातिर "नारी र पुरुष एउटै रथका दुई पांग्रा हुन्" भनेर समानता देखाउन खोज्ने हाम्रो समाजले अर्कोतिर महिलाहरूलाई साधनको रूपमा मात्र प्रयोग गर्न खोज्नु अवश्य पनि राम्रो होइन । समाज विकासको क्रममा सबै व्यक्ति सरह एकल महिलाहरूको पनि महत्वपूर्ण भूमिका रहेको हुन्छ । यति हुँदा हुँदै पनि हाम्रो समाजमा एकल महिलाहरूलाई तल्लो दर्जाको रूपमा हेरिनु कदापि राम्रो विषय होइन । यसको पछाडि उचित शिक्षा, अवसरको अभाव, गरिबी तथा जनचेतनाको अभाव रहेको पाइन्छ ।

नेपाली समाजमा एकल महिलाहरूले भोगिरहेका समस्याहरू, उनीहरूले गरेका सशक्तिकरणका प्रयासहरू र त्यसका लागि उनीहरूले सामना गर्नुपरेका चुनौतीहरूको अध्ययन गर्नु, आधुनिक समाज २१ औं शताब्दीसम्म आइपुग्दा पनि एकल महिलाप्रति सामाजिक सांस्कृतिक धारणामा परिवर्तन हुन नसक्नु र उक्त सामाजिक सांस्कृतिक धारणामा देखापरेका यथास्थितिवादी सोंचको विश्लेषण गर्नु समाजशास्त्रीय चासोको विषय हो ।

नेपाली समाजमा खासगरी हिन्दू समुदायमा एकल अवस्थाका सामाजिक परिभाषा पुरुष र महिलाको लागि फरक फरक रूपमा देखिन्छ । पुरुषका लागि एकल अवस्था त्यति जटिल देखिँदैन । महिलाका लागि यो अवस्था अभिसापको रूपमा देखिन्छ । अभिसाप यो अर्थमा की महिलाको श्रीमानको मृत्यु भइसकेपछि एकल महिला अथवा भनेर चिनिन्छ । तर यही श्रीमतीको मृत्यु भएपछि पुरुषलाई एकल पुरुष वा बिदुर भनेर कमै भनिन्छ । एकल महिलालाई श्रीमानको मृत्युपछि दोस्रो विवाह गर्न जति कठिन छ । त्यतिकै पुरुषलाई दोस्रो विवाह गर्न त्यती नै सहज छ । एकल महिलालाई एकल भएदेखि समाजले नराम्रो नजरले ( अपहेलित) कु दृष्ट्रिले हेर्ने गरेको पाइन्छ । सामान्यतयाः नेपाली समाजमा एकल महिलाहरूले विभिन्न समस्याहरू भोग्नुपरेको छ । उनीहरूले आजीवन एकल जीवन बिताउनुपर्ने, आफ्ना नावालक सन्तान एक्लै हुर्काउनुपर्ने, आर्थिक दायित्व एक्लै बहन गर्नुपर्ने, अशुभको प्रतिक, अभागिनी, अबला जस्तो दृष्टिकोणले हेरिनु, समाजका मंगल कार्यहरूमा उचित स्थान नदिइनु, विधवा पुनर्विवाहलाई अपराधमा गनिनु, परिवार, समुदाय, समाजबाट हेपिनुपर्ने, तिरस्कृत हुनुपर्ने आदि जस्ता सामाजिक सांस्कृतिक, आर्थिक तथा मनोवैज्ञानिक समस्याहरू भोग्नुपर्ने स्थिति रहेका छन् ।

सामान्यतयाः नेपाली समाजमा एकल महिलाहरूको बारमो छिटफुट जानकारी प्राप्त भए तापनि एकल महिलाहरूले भोग्नुपरेका विभिन्न समस्याहरू, अशक्तिकरण, सशक्तिकरणका प्रयासहरू तथा चुनौतीहरू एकल महिलाको मानवाधिकार एवम् कानुनी प्रधावधान, सरकारको नीति तथा कार्यक्रमहरू बारे प्रश्न उब्जन सक्छन् ।

यो अध्ययन केवल एकल महिलाहरूको प्रति केन्द्रित हुनाले मूख्य रूपमा निम्न प्रश्नमा केन्द्रित गरिएको छ ।

- एकल महिलाहरूले के कस्तो सामाजिक, सांस्कृतिक, आर्थिक र मनोवैज्ञानिक समस्याहरू भोगिरहेका छन् ?
- अध्ययन क्षेत्रका एकल महिलाहरूको सामाजिक, सांस्कृतिक, आर्थिक अवस्था कस्तो छ ?
- एकल महिलाहरूप्रति समाजको तथा समाजप्रति उनीहरूको दृष्टिकोण एवं धारणा कस्तो छ ?

एकल महिलाहरूले भोग्नुपरेका सामाजिक, सांस्कृतिक, आर्थिक तथा मनोवैज्ञानिक समस्याहरू, उनीहरूको नावालक छोराछोरीले भोग्नुपरेका समस्याहरू, एकल हुनु अघि र पछि उनीहरूप्रति परिवार समाजले हेर्ने दृष्टिकोण, अशित्तकरण, सशक्तिकरणका प्रयास तथा चुनौतीहरू आदि पक्षहरू समेटेर एउटा सानो क्षेत्रका एकल महिलाहरूको स्थलगत अध्ययन गरी माथि उल्लेखित प्रश्नहरूको उत्तर खोज्ने कोशिस गरिएको छ । अतः “एकल महिलाहरूका सामाजिक, आर्थिक उवम सांस्कृतिक समस्याहरू” शीर्षकको अध्ययन गरिएको छ र एकल महिलाहरूको समस्याहरू पत्ता लगाइएको छ ।

## १.३ अध्ययनको उद्देश्य

समग्रमा यस अध्ययनको मूल उद्देश्य एकल महिलाहरूले भोगिरहेका सामाजिक, सांस्कृतिक, आर्थिक तथा मनोवैज्ञानिक समस्याहरू पत्ता लगाउने र त्यसको व्याख्या गर्नु रहेको छ । यस अध्ययनका उद्देश्यहरू यसप्रकार रहेका छन् :

- अध्ययन क्षेत्रका एकल महिलाहरूको सामाजिक, सांस्कृतिक एवम् आर्थिक अवस्थाको अध्ययन गर्नु ।

- एकल महिलाहरूले भोग्नुपरेका सामाजिक, सांस्कृतिक, आर्थिक तथा मनोवैज्ञानिक समस्याहरूको पहिचान गर्नु ।
- एकल महिलाहरूप्रति समाजको र समाजप्रति एकल महिलाहरूको दृष्टिकोण एवम् धारणाको पहिचान गर्नु ।

## १.४ अध्ययनको महत्व

वर्तमान समाज निकै सुविधा सम्पन्न भएको छ । प्रविधिको विकासले मानव सभ्यतालाई जटिल बनाउँदै लगेको छ । हरेक क्षेत्रमा तीब्रताका साथ परिवर्तन हुँदैछ । तर पनि दुःखको कुरा यो छ कि एकल महिलाहरूप्रति सामाजिक दृष्टिकोण बदलिन सकेको छैन र उनीहरूले विभिन्न समस्याहरू भोगीरहनु परेको छ । यस सम्बन्धमा सोंचविचार गर्नु आवश्यक देखिन्छ । हाम्रो समाजमा रहेका एकल महिलाहरूसँग सम्बन्धित विभिन्न सकारात्मक तथा नकारात्मक पक्षहरूलाई अध्ययन गर्न आवश्यक देखिन्छ । यसै सन्दर्भमा वैतडी जिल्ला ग्वाल्लेक गा.वि.स.–१ का एकल महिलाहरूले कस्तो समस्या भोगीरहेका छन् ? एकल महिला सशक्तिकरणमा उनीहरूको के कस्तो प्रयास छ र कस्तो चुनौतीको सामना गर्नुपरेको छ ? उनीहरूको सामाजिक, आर्थिक अवस्था के कस्तो रहेको छ ? एकल महिलाको मानवाधिकार तथा कानुन प्रावधान बारे उनीको बुझाई कस्तो छ ? सरकारी नीति तथा कार्यक्रमहरूले उनीहरूलाई कस्तो प्रभाव पारेको छ ? अथवा त्यस्ता कार्यक्रमहरूप्रति उनीहरूको विचार कस्तो छ ? यसै पृष्ठभूमिमा आधारीत रही अध्ययन क्षेत्रका एकल महिलाहरूको बारेमा गरिएको अध्ययनबाट निस्किएको निचोडले यस विषय अध्ययन गर्न चाहने व्यक्ति तथा संस्थाका निमित्त यो अध्ययनले महत्व राख्दछ ।

यस अध्ययनबाट एकल महिलाहरूको वर्तमान अवस्थाबारे जानकारी प्राप्त गर्न सकिन्छ । एकल महिलाप्रतिको नकारात्मक तथा परम्परागत सोंचलाई समाजमा बस्ने हरेक व्यक्तिको मस्तिष्कबाट हटाउन सकिन्छ । एकल महिलाहरूले र उनीहरूका वच्चाहरूले भोग्नुपरेका समस्याहरूको बारेमा जानकारी प्राप्त गर्न सहयोग मिल्छ र यसबाट समाजमा सुधारको अपेक्षा गर्न सकिन्छ । एकल महिलाहरूको बारेमा योजनाहरू बनाउन नीतिनिर्माताहरूलाई सहयोग मिल्छ । एकल महिलालाई आर्थिक रूपमा सशक्त बनाउन विभिन्न आयआर्जनका मौका र अवसरहरू प्रदान गर्न सकिन्छ र उनीहरूलाई आत्मनिर्भर

बनाउन मद्दत मिल्छ र यस अध्ययनबाट एकल महिलाहरूप्रति सकारात्मक सोंच ल्याउन सकिन्छ र त्यस खालको पाठ्यक्रम बनाउन मद्दत मिल्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय योजना कार्यक्रमहरूमा एकल महिलाहरूको अधिकार र भूमिकालाई एकिकृत गर्न मद्दत मिल्छ । सरकारी नीति तथा कार्यक्रमप्रति सजग रहन, आत्मनिर्णय गर्न तथा एकल महिला सशक्तिकरणका विभिन्न प्रयासहरूमा थप उर्जा मिल्छ ।

## १.५ अध्ययनको सीमा

कुनै पनि कार्य निश्च्त उद्देश्य मापदण्ड तथा निश्चित विधिहरूको तर्कसंगत संयोजनबाट हुने गर्दछ । कुनै पनि विषयको अध्ययन गर्दा त्यसको निश्चित सीमाहरू निर्धारण गर्नुपर्दछ ।

यस अध्ययनमा नेपाल राज्यमा छरियर रहेका एकल महिलाहरूको प्रतिविम्ब उर्तान नसकेतापनि यसले वैतडी जिल्ला ग्वाल्लेक गा.वि.स. का एक महिलाहरूले भोग्नु परेका समस्या र एकल महिला हुनुको पिडालाई र तिनीहरूका सामाजिक, आर्थिक, सांस्कृतिक, मनोवैज्ञानिक यथार्थलाई उतार्ने कोसिस गरिएको छ । एकल महिलाको कम मात्रामा अध्ययन अनुसन्धान भएकाले आवश्यक ज्ञानको अभाव खड्केको छ । यी विभिन्न समस्याका बाबजुद पनि अध्ययनकर्ता स्वयम्ले देखे सुनेको तथा प्राप्त सामग्री र अनुभव गरेका विभिन्न कुरालाई आधार बनाइएको छ ।

तसर्थ अध्ययन मुख्य गरी वैतडी जिल्ला ग्वाल्लेक गा.वि.स. १ मा सीमित रहेको छ । ग्वाल्लेक गा.वि.स. का अरु पक्षको नभएर एकल महिलाहरूको मात्र अध्ययन अनुसन्धान गर्नु यस अध्ययनको अर्को सीमा हो ।

# अध्याय दुई
# सन्दर्भ साहित्यको पुनरावलोकन

कुनै पनि विषयमा अध्ययन अनुसन्धान गर्दा सन्दर्भ सामग्रीको अभावमा अनुसन्धान फितलो र कमजोर बन्न पुग्दछ । एकल महिलाहरूको बारेमा अध्ययन गर्न यो शोधपत्रमा उपलब्ध भएसम्म विभिन्न लेख, रचना, प्रकाशन, पुस्तक, पत्रपत्रिकाहरू, शोधपत्र तथा गा.वि.स.बाट प्रकाशित तथ्याङ्कहरू तथा यससँग सम्बन्धित पूर्व अध्ययनबाट तयार पारिएका सामग्रीहरूलाई मूख्य आधार बनाइएको छ । हुन त एकल महिलाहरूको सम्बन्धमा पर्याप्त मात्रामा अध्ययन अनुसन्धान भएको पाइँदैन त्यसैले यस अध्ययनमा एकल महिलाहरूले भोगीरहेका समस्याहरूका सम्बन्धमा पितृसत्ता तथा महिलाको परिचय, एकल महिला असशक्तिकरणको अवस्थामा नै रहेको तथा सशक्तिकरणको प्रयास भने भै नै रहेको र त्यसका लागि विभिन्न चुनौतीको सामना गर्नुपरेको अवस्था, एकल महिलाको मानवाधिकार एवम् कानुनी प्रावधान, सरकारी नीति तथा कार्यक्रमको प्रभाव आदि सम्बन्धमा प्रष्ट्याउने प्रयास गरिएको छ ।

## २.१ पितृसत्ता र महिलाको परिचय

पितृसत्ता एउटा परिवार संरचना हो जहाँ परिवारका ज्येष्ठ पुरुष सदस्यले त्यस परिवारलाई नियन्त्रण र निर्देशन गरेको हुन्छ । विवाहपश्चात् महिलाहरू पुरुषका घरमा जान्छन् । त्यही उसको स्थायी बसोबास हुन्छ । उसले आफ्नो थर, गोत्र, समेत लोग्नेको थर, गोत्रमा परिवर्तन गर्दछे । सामाजिक व्यवहार र क्रियाकलाप, भूमिका आदानप्रदान तथा सामाजिक मानमर्यादाको दृष्टिकोणले पनि समाजले पुरुषलाई सबै अधिकार दिएको हुन्छ । आदिकालमा वास्तवमा मातृसत्तात्मक समाज थियो । एंगेल्सका अनुसार मातृसत्ताबाट पितृसत्तात्मक समाजको अवतरण वास्तवमा महिला जातिको सबभन्दा ठूलो ऐतिहासिक हार थियो । सही त यो हो कि स्त्रीको लागि यस्तो स्वर्णयुग वास्तवमा एक मिथक बाहेक अरु केही होइन । स्त्री चाहे धरती होस्, चाहे माता, चाहे देवी तर पुरुषको संगीमित्र कहिल्यै थिइन । समाज सदा पुरुषको रह्यो, राजनैतिक सत्ता सदापुरुषको हातमा रह्यो । आदिम समाजको सम्पूर्ण अध्ययनपछि लेवीस्त्रासले भने “सत्ता चाहे सार्वजनिक होस् वा सामाजिक, त्यो सदा पुरुषको हातमा रह्यो ।” यदिइतिहासमा धेरै कम स्त्रीहरू प्रतिभाशाली भएका छन्

भने, यसको कारण उनीहरू स्त्री हुनु होइन वरु यो समाज हो, जसले स्त्रीका सारा अभिव्यक्तिलाई नियन्त्रित गरिरहन्छ । उनीहरूलाई प्रत्येक सुविधाबाट वंचित राख्दछ । बुद्धिमान् भन्दा बुद्धिमान्स्त्रीको पनि सार्वजनिक हितहरूको लागि आहुति दिइन्छ । यदि उनीहरूलाई विकासको पूरा अवसर मिल्यो भने यस्तो कुनै पनि काम छैन जुन उनीहरूले गर्न नसकुन् (सुनुवार, २०६०) ।

पुरुषले एकल महिलालाई अपमान गर्नुको पछाडि तुच्छ स्वार्थ लुकेको छ । रातो लुगाको बदलामा अन्य कपडालगाई भने एकल हो भनेर चिन्न सजिलो हुन्छ र गलत उद्देश्य पूरा गर्न पाइन्छ भन्ने मनसाय हुन्छ । समाजले यसैगरी विभिन्न दुःख तथा अपमान दिने गर्दछ । दुःख दिएपछि असहाय बन्न पुगेकी एकल महिला बाध्यतावश सहयोग लिन आउँछे र फेरी उद्देश्य पूरा गर्न पाइन्छ भन्नेहरू कम छैनन् । सहर तथा गाउँ जहाँ पनि महिलाप्रति धेरै थोरै भेदभावपूर्ण व्यवहार देख्न सकिन्छ । त्यसमा पनि एकल महिलालाई त एउटा गलत चिन्तन भएको व्यक्तिले मात्र हेप्ने वा दुःख दिने होइन समाजले नै यी-यी कुरामा हेप्न पाउँछौ भनेर अपराधिक मनोवृत्तिलाई स्वतन्त्रता दिएको छ (देवकोटा, २०६१: ४) ।

एकल महिलाको तल्लो अवस्था हुनुमा पितृसत्तात्मक समाजले ठूलो भूमिको खेलेको पाइन्छ । नेपाली समाजमा कुनै पनि शुभ कार्यहरू गर्दा त्यहाँ श्रीमान्, श्रीमती दुबै हुनुपर्ने मान्यता पाइन्छ । श्रीमान बिना श्रीमतीको सामाजिक तथा धार्मिक पहिचान हुँदैन । घरको मुली पनि छोरामान्छे नै हुनुपर्ने मान्यताले पनि श्रीमानको मृत्युपछि श्रीमती नभईकन घरको मुली सानै भए पनि छोरालाई मानिन्छ । यिनै सबै पितृसत्तात्मक सोंचले गर्दा पनि श्रीमानपछि महिलाको कुनै अस्तित्व रहेको पाइँदैन । हिन्दू समाजमा सौभाग्यवती भव भन्ने चलनले पनि श्रीमान भएको महिला मात्र राम्रो र लच्छिनको रहने प्रथा कायम छ । श्रीमान् नभएपछि ती महिला अलच्छिनी र शुभकार्यमा संलग्न नगराइनुले पनि पितृस्तात्मक सोंचले गरेको असमान परम्परालाई प्रष्ट्याउँछ । श्रीमती नभएको श्रीमान्लाई त्यस्तो सोंच रहँदै आएको पाइँदैन र त्यस्ता पुरुषहरूले श्रीमती मरेको किरिया आदि धेरै गर्नु नपर्नाले पनि यस्ता नियम कानुन पुरुषप्रधान समाजबाट नै निर्मित भएको हो भन्न सकिन्छ । श्रीमतीको मृत्यु भएको पुरुषहरूलाई बिदुर भनेर भनिने नगरिएकाले उनीहरूले खान लाउन बार्न धेरै नपर्ने चलनले र १३ दिन मात्रै जुठो लाग्नाले पनि महिला पुरुषमा गरेको असमान संस्कृति र परम्परा पुरुषहरूकै सोंचको उपज हो भन्नेमा दुईमत छैन (थापा, २०६२) ।

यदि इतिहासमा धेरै काम स्त्रीहरू प्रतिभाशाली भएका छन् भने यसको कारण उनीहरू स्त्री हुनु होइन बरु यो समाज हो, जसले स्त्रीका सारा अभिव्यक्तिलाई नियन्त्रित गरीरहन्छ उनीहरूका प्रत्येक सुविधाबाट वञ्चित राख्दछ । वुद्धिमान भन्दा वुद्धिमा स्त्रीको पनि सार्वजनिक दिनहरूको लागि आहुती दिइरहन्छ । यदि उनीहरूलाई विकासको पूरा अवसर मिल्यो भने यस्तो कुनै पनि काम छेन जुन उनीहरूको गर्न नसकन (सुनुवार, २०६०) ।

यस सन्दर्भमा प्रस्तुत अध्ययनले एकल महिलाहरूले भोगिरहेका समस्याहरू, असकंक्तिकरण, एकल महिला शसक्तिकरणका प्रयास तथा चुनौतीहरू, सरकारी नीति तथा कार्यक्रम साथै एकल महिला सम्बन्धी अन्य विविध पक्षहरूको विभिन्न सन्दर्भ साहित्यको अध्ययन गर्ने प्रयास गरिएको छ ।

## २.२ एकल महिलाका समस्याहरू

### २.२.१ सामाजिक तथा पारिवारिक समस्या

प्राचीन समयदेखि नै धर्मलाई कानुन र न्यायको प्रतिकको रूपमा लिइँदै आएको हाम्रो समाजमा सदैव पितृसत्तात्मक व्यवस्था रहेको पाइन्छ । हाम्रो समाजले पुरुषलाई प्रथम दर्जाको रूपमा हेरेको पाइन्छ भने महिलालाई सदैव दोस्रो दर्जामा राखेको पाइन्छ भने एकल महिलालाई झन तल्लो दर्जामा राखेको पाइन्छ । एकातिर समाजले एकल महिलामाथि औंला ठड्याउने वातावरण देखिन्छ भने अर्कोतिर अशिक्षित र ग्रामीण समाजको अवस्था झनै नाजुक रहेको पाइन्छ । बालवच्चा पनि सानै छन् र एकल महिला पनि कलिलो उमेरकै छ भने समाजमा यौनपिपासु दुष्टहरूको वक्रदृष्टि समेत सहनुपर्दछ । यतिमात्र नभई कतिपय समाजमा एकल महिलाहरूप्रति बोक्सीको आरोप लगाई अपहेलना गरी यातना समेत दिएका र ती महिलाहरूलाई विभिन्न शंकका दृष्टिले हेर्ने गरिएको हाम्रो समाजमा पाउन सकिन्छ । एकल महिलालाई हाम्रो समाजले हेर्ने दृष्टिकोण नै फरक हुन्छ । एकल महिलाहरू हाम्रो समाजमा सर्वत्र पाइन्छन् । समाजको विकासको क्रममा सबै व्यक्ति सरह एकल महिलाको पनि महत्वपूर्ण भूमिका रहन्छ । आधुनिक २१ औं शताब्दीको सभ्य समाजसम्म आइपुग्दा पनि विधवा अशुभको प्रतिक, अभागिनी जस्तो दृष्टिकोणले हेरिनु, घरबाट निकाल्न खोज्नु, पति मरेको दोष पत्नीलाई दिनु, नाता प्रमाणित नगरिदिनु, विभिन्न मानसिक यातनाहरू दिनु लगायत उमेरमा विधवा भएका महिलाहरूलाई त अझै समाजको सशंकित आँखाले

नियालेर हेरेको पाइन्छ । यस्ता एकल महिलाहरूले पुरुषसँग बोल्ने हिँड्ने मात्र गरेमा त्यसलाई जघन्य अपराध मान्ने गरेको पाइन्छ । कानुनले विधवा विवाहलाई वैद्यता प्रदान गरे तापनि समाजले यसलाई सहजरूपमा स्वीकार गर्न सकेको छैन । विदुरले विवाह गरेमा त्यसलाई सरल रूपमा लिइन्छ तर विधवाले विवाह गरेमा अपराध नै ठनिन्छ । (रिजाल, २०६०) ।

शारीरिक कुटपिट, भावनात्मक कठोर शब्द, गालीगलौज, दोषारोपण, यौन दुराचार, सम्पत्तिबाट बेदखल, अपर्याप्त खाना, हिँडडुलमा प्रतिबन्ध आदि समस्याहरू प्रायजसो धेरै एकल महिलाहरूले भोग्दै आइरहेको कुरा एकल महिला समूहको कार्यशालाबाट थाहा पाइन्छ । श्रीमानको मृत्युको कारण बनाएर दोष लगाइरहनु, अपशब्दले गाली गर्नु, सामान्य रूपमा सबै जनाले भोगेका कुराहरू हुन् ( पाण्डे, २०६६) ।

### २.२.२ सांस्कृतिक, धार्मिक समस्या

प्राचीनकालदेखि नै कुरीतिहरूले जरा गाडेको हाम्रो समाजमा एकल महिलाहरूलाई मंगल कार्य, शुभकार्यमा अशुभ ठान्ने र उनीहरूलाई सांस्कृतिक कार्यमा समेत पन्छाउने गरिएको पाइन्छ । एकल महिलाहरूले आफ्नो सिन्दुर, पोते, चुरा लगायत सौभाग्यको प्रतिक रातो रंगलाई त्याग्नुपर्ने प्रचलन प्राचीन समयदेखि रहँदै आएको छ । श्रीमान् हुँदा महिलालाई घरको लक्ष्मी भनी केही भए पनि सम्मानजनक स्थान दिन्इछ भने श्रीमानको मृत्यु पछि अलच्छिनी, पोइ टोकुवा भनी अपमानित गरिन्छ र विभिन्न शुभकार्य जस्तो विवाह, पुजाआजा, विभिन्न पर्वहरूमा एकल महिलालाई उचित स्थान दिइँदैन वा बञ्चित गर्न खोजिन्छ । कानुनले एकल महिलालाई वैधता प्रदान गरे तापनि समाजले यसलाई सहज रूपमा स्वीकारेको छैन । श्रीमती मरेको विदुरले विवाह गरेमा त्यसलाई सरलरूपमा लिइन्छ तर एकल महिलाले विवाह गरेमा अपराधमा गनिन्छ । रातो लगाउन नहुने, सिन्दुर पोते फाल्नुपर्ने नाकमा फूली लगाउन नहुने, माछा मासु पेय पदार्थ खान नहुने, साइत वा चाडबाडमा अगाडी आउन नहुने, परपुरुष सँग बोल्न नहुने आदि धेरै नियमहरू राखिएका छन् । अझ नेपालको पश्चिमी भेगमा श्रीमान मरेपछि धेरै नजिकको 'छाउपडी' जहाँ जनावरहरू राख्ने गोठसँगै सानो कोठा बनाईएको हुन्छ । त्यहाँ सुत्नपर्दछ किनकि मूल घरमा देउता राखिएकोले राती त्यहाँ सुत्न दिइँदैन तर दिनभरी गएर काम गर्न पाइन्छ । सोही छाउपडीमा सुत्दा राति जनावरले मारेको र परपुरुषसँग लागेको भन्ने दोष लागेर

घरनिकाला हुनुपरेका कैयौं सत्य घटनाहरू घटिरहेका छन् । श्रीमानको मृत्युपछि माछा मासु खान नहुने र महिनामा एकादिन जस्तो मृत श्रीमानको नाममा ब्रत बस्नुपर्ने र कतिपय ठाउँहरूमा सूर्य अस्ताएपछि खान नहुने र अरुले छोएको पनि खानु हुँदेन । यस्तै नियमहरूले गर्दा पनि एकल महिलाहरूको स्वास्थ्य स्थिति धेरै नराम्रो र कमजोर पाइएको छ । हिन्दू धार्मिक ग्रन्थहरूमा एकल महिला शुभ साईत वा चाडबाडमा अगाडी परे काम बिग्रन जाने संभावना भएकोले आफ्नै सन्तानको विवाह वा अन्य शुभ कार्यमा अगाडी नआउनु उत्तम मानिन्छ भनेर लेखिएको छ । (शर्मा, २०६६)

### २.२.३ आर्थिक समस्या

हाम्रो जस्तो पितृसत्तात्मक परवारमा मुख्य व्यक्ति जो पुरुष नै हुने गर्दछ । सो पुरुषको मृत्यु पश्चात् त्यस परिवारको अवस्था अत्यन्त दर्दनाक नहोला भनेर भन्न सकिन्न । परिवारमा जब आयआर्जन गर्ने व्यक्तिको अन्त्य हुन्छ तब त्यस परिवारमा गरिबीको कालो बादल मडारिन थाल्दछ र त्यस आर्थिक भारलाई थाम्नको लागि मुख्य भूमिका त्यही एकल महिलाको थाप्लोमा बजारिन पुग्छ । जसको फलस्वरूप कतिपय एकल महिलाहरूले आफ्नै परिवारका सदस्यहरूको हेलत्वलाई बाध्यात्मक रूपमा स्वीकारेको पनि पाइन्छ भने कोही महिलाहरूले घर छोडेर माइती तथा अन्यत्र आफन्त कहाँ शरण लिन वाध्य भएका छन् । अर्कोतर्फ घरतर्फ र माइतीतर्फ कतैबाट पनि सहारा नपाएर कोही मागेर जिउनु परेको, कसैलाई अरुको खेलौना बनेर बाँच्नुपरेको पाइन्छ भने कसैले त आत्महत्या गरेर अकालमै ज्यान गुमाउनुपरेको दुःखद घटना समेत देख्नमा आएको पाइन्छ (रिजाल, २०६०) ।

कमाएर ल्याउने पुरुषको कमी भएपछि स्वतः परिवारमा बिहान बेलुका हातमुख जोर्न धौ धौ पर्न जान्छ । जेनतेन बिहान बेलुका खाने व्यवस्था गर्नको लागि पनि एकल महिलाहरू रातदिन नभनी खटिरहेका पाइन्छन् । भएका खानामा पनि छाराछोरी, घरका बूढाबुढीलाई प्राथमिकता दिन्इछ र बाँकी रहेका आफूले खाने गर्दछन् । शारीरिक तन्दुरुस्तीको सोंच उनीहरूबाट धेरै टाढा हुन्छ किनकि पेटभरि नै खाने अवस्था रहेको हुँदैन ।

धेरै एकल महिलाहरू आफ्नो परिवारको सम्पत्तिबाट वञ्चित बनाएर घरबाट निक्लनु पनिपरेको पाइन्छ भने कतिले छोराछोरीलाई पेटभरी खाना खान दिन पनि सकिरहेका छैनन् ।

### २.२.४ मनोवैज्ञानिक समस्या

समाजले एकलमहिलाहरूलाई अबला र अनाथको संवेदना दिन्छ भने अर्कोतर्फ उनीहरू माथि अन्याय, अत्याचार र थिचोमिचो हुँदा पनि मुकदर्शक भएर बसेको पाइन्छ जसले गर्दा ती महिलाहरूमा पनि आफूलाई अनाथ तथा दुःखी सम्भने र आत्मग्लानीको भावनालाई प्रश्रय दिएर हिनाबोधमा डुब्ने गर्नाले समाजमा आफ्नो महत्वपूर्ण स्थनलाई पछाडी धकेल्ने काममा थप उर्जा उनीहरूबाटै प्रदान भएको पाइन्छ । हाम्रो नेपाली समाजका अधिकांश महिलाहरूले आफ्नो विवाह पश्चात श्रीमानलाई आफूभन्दा कयौं गुणा बढी महत्व दिएर जीवन बिताएको पाइन्छ । आफू भन्दा पनि महत्व दिने तथा सर्वश्रेष्ठ नै ठानिएको व्यक्तिको मृत्यु हुँदा उसलाई पर्ने चोटले उसलाई पूर्णतः बेसहारा बनाईसकेको अवस्थामा उसको आफ्नो चाहना र आकांक्षाहरू प्रायः शुन्य हुन्छ भने मानसिक आघात सहन गर्न नसकेरै पनि एकल महिलाहरूमा बेसहारापनले जरा गाड्दै गएको पाइन्छ । जसले गर्दा कतिपय एकल महिलाहरूले मानसिक रूपमा दुर्बल सम्भने र आफैले आफूलाई धिक्कार्दै शोकमा डुबेको समेत पाइन्छ (रिजाल, २०६०) ।

श्रीमानको मृत्युको असर कुनै पनि उमेरका महिलाहरूलाई परेको हुन्छ । विवाह भएको बर्षौं भए पनि अथवा केही दिन मात्र भए तापनि सँगै जीवन गुजार्ने सपना सोंचेको महिलामाथि श्रीमानको मृत्यु अस्वाभाविक नै हुन जान्छ । यो चाहे विकसित देश नै किन नहोस् सम्पन्न वा विपन्न कुनै पनि जाती धर्म मान्ने सबैमा आफ्नो जीवनसाथीको मृत्युले केही समयसम्म क्षतविक्षत अवस्थामा पुऱ्याउँदछ । श्रीमानको मृत्यु भएको मिनटभरदेखि नै सुरु गर्नुपर्ने सांस्कृतिक तथा धार्मिक चलनले पनि कुनै पनि महिलालाई चोट पुऱ्याइरहेको हुन्छ । आफ्नो जीवन साथीको बिछोड, परिवारको पालनको चिन्ता, आफू माथि परेको बोभ, सांस्कृतिक-सामाजिक परम्परा नराम्ररी परिचित हुनुपर्ने आदिले एकल महिलाहरूको मनोवैज्ञानिकता खल्बल्याइएको हुन्छ । एकल महिलाहरूका लागि विभिन्न प्रकारका कुसंस्कृतिहरू छन्, जसले गर्दा ती महिलाहरूमा मनोवैज्ञानिक असर नराम्ररी पर्दछ, जसको कारण उनीहरू स्वयम्मा केही गर्न सक्ने क्षमताको कमी भएको पाइन्छ । एकल महिलाहरूमा परेको मनोवैज्ञानिक असर सिधै उनीहरूका छोराछोरीमा पर्न जान्छ । जस्तैः मनोवैज्ञानिक असन्तुलनपैदा हुनाले रिस उठीरहने, भर्कने, कसैसँग बोल्न मन नलाग्ने, बाहिर हिँडडुल गर्न मन नलाग्ने, निद्रा नलाग्ने, भोक नलाग्ने, केही गर्न उत्साहको कमी

आदि जस्त लक्षण देखिन्छन् । प्रायजसो एकल महिलाहरू अचानक पर्न आएको जिम्मेवारी र सो बहन गर्न सक्ने क्षमताको कमीले गर्दा तनावग्रस्त भइरहेका पाइन्छन् । सो कारण उनीहरू आफ्नो उमेरभन्दा बढी देखिन्छन् (थापा, २०६२) ।

## २.३ एकल महिला सशक्तिकरणका प्रयास तथा चुनौतीहरू

एकल महिला सशक्तिकरणका विभिन्न प्रयासहरू भइरहेका छन् र त्यसको लागि विभन्नि चुनौतीको पनि सामना तिनीहरूले गर्नुपरेको अवस्था छ ।

एकल महिलाहरूको सामूदायिक अभियान स्वरूप जिल्ला गा.वि.स.स्तरमा एकल महिला समूह स्थापना भएर समूहगतरूपमा सामाजिक मूल्य मान्यतालाई विश्लेषण गर्दै आएको पाइन्छ । विगत केही वर्षदेखि घरभित्र लुकेर बसेका एकल महिलाहरू आ-आफै समूहगत हुँदै आफ्नो खुट्टामा आफैँ टेक्ने प्रयास गरिरहेका पाइन्छन् । समूहमा आबद्ध भएर आफ्नो हक, अधिकारको बारेमा सचेत हुने र आफ्नो आवाजलाई सम्बन्धित ठाउँसम्म पुऱ्याउने जमर्को गरिरहेका छन् । एकल महिलाहरूको अवस्थामा परिवर्तन ल्याउने उद्देश्यले नै २०५२ सालमा मानव अधिकारको लागि महिला, एकल महिला समूह भन्ने संस्था स्थापना भयो । यो संस्थाकै पहलमा हालसम्म नेपालको ५४ वटा जिल्लाका ४२५ वटा गा.वि.स.मा एकल महिला समूह स्थापना गरिसकेको छ सो समूहकै माध्यमद्धारा नेपालमा एकल महिलाहरूको लागि सामाजिक आन्दोलनको तीब्र रूपमा लिइसकेको छ, जसको फलस्वरूप एकल महिलाहरूमा क्षमता अभिबृद्धि हुनुको साथै एकल महिलाको हकहितको लागि सरकारी नीतिसम्म तर्जुमा गराउन सफल भइसकेको छ । यसै संस्थाको पहलमा एकल महिलाहरूमा हुने असमान कानुनहरूलाई बिस्तारै हटाउँदै गइसकेको छ । घरदैलो कार्यक्रम, सहयोगी साथीमार्फत जनचेतनामूलक कार्यक्रम, बचत, ऋण कार्यक्रम, एकलम हिला उद्यमी कार्यक्रम तथा छात्रवृत्ति कार्यक्रम संचालन गरेर यस संस्थाले केही हदसम्म एकल महिला र उनीहरूको बालवच्चाको लागि सहयोग पुऱ्याउँदै आएको छ । यस संस्थाले विभिन्न सीपमूलकतालिमदिएर एकलमहिलाहरूलाई आत्मनिर्भर हुने बाटो देखाइदिएको छ । जसले गर्दा उनीहरू अर्काकोमा आश्रित हुने क्रम क्रमशः घट्दै गएको पाइन्छ । हाल यसै संस्थाको पहलमा एकल महिलाहरूको हकहितको लागि सहकार्य गर्ने उद्देश्यले १५ वटा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरू मिलेर “एकल महिलाको लागि सञ्जाल” स्थापना गरिसकेको छ । यी सबै संस्थाहरूको पहलमा र आन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको

सहयोगमा नेपालका विभिन्न जिल्लामा एकल महिलाका लागि भइरहेका कार्यको सकारात्मक प्रतिफलहरू आए अनुरूपनै अहिले एकलमहिलाहरूआ-आफ्नै सूहगतरूपमा नै अगाडि आइरहेको पाइन्छ । यी सबै कारणहरूले गर्दा हालसमाज तथा परिवारहरूको पनि एकल महिलाप्रति हेर्ने दृष्टिकोणमा परिवर्तन भएको पाइन्छ । अहिले एकल महिलाहरूमा शारीरिकको साथै मानसिक सोंचमा विस्तारै परिवर्तन पाइन थालेको छ । लगाउने तथा खाने विभिन्न प्रतिबन्धित नियमहरूलाई बिस्तारै तोड्दै जान थालेका छन् । एक्लैले भन्दा समूहगत रूपमा आवश्यक भएमा जस्तोसुकै परिस्थितिमा पनि हिम्मत गर्न सक्ने भएकाले एकल महिलाहरू समूह्मा आबद्ध हुने कुरा बढ्दै गएको पाइन्छ । अहिले अन्तर्राष्ट्रिय जगतबाट एकल महिलाहरूको अवस्था तथा उनीहरूको हक अधिकारको बारमो आवाज उठाउँदै आएको पाइन्छ । बेलायतमा मार्गरेट ओवनले एकल महिला सशक्तिकरण भन्ने संस्था स्थापना गरेर विशेष गरी कम विकसित मुलुकका एकल महिलाहरूको अवस्थालाई संयुक्त राष्ट्र संघसम्म पुऱ्याउन कोशिस गरेकी थिइन भने उनले एकल महिलाको संसार भन्ने किताबमा संसारका एकल महिलाहरूमा हुने गरेका सामाजिक, सांस्कृतिक अवस्थालाई प्रष्ट्याइदिएकी छिन् । मार्गरेट अहिलेसम्मपनि विभिन्न द्वन्द्वरत मुलुकहरूका एकल महिलाहरूको बारेमा सोधखोज गरेर उनीहरूको आवाजलाई आफ्नो लेख-रचनाको माध्यमबाट सम्बन्धित ठाउँसम्म पुऱ्याउने पहलमा नै जुटेकी छिन् । नेपालमा आजभन्दा केही वर्ष यता सम्म एकल महिलाहरूका आवाजलाई बिरलै ध्यान दिएका पाइए तापनि केही वर्ष यता सरकारी गैरसरकारी संस्थाले यस तर्फ ध्यान पुऱ्याउन थालेको पाइन्छ । श्री ५ को सरकारको दशौँ पञ्चवर्षीय योजनामा एकल महिलाहरूको सशक्तिकरणको योजना राखेर हाल सो कार्यान्वयन गराउने पहलको लागिपहिलो पल्ट एकलमहिलाको लागि राष्ट्रिय बजेट छुट्याइएको छ । २०६० अन्तर्राष्ट्रिय सरकारी संस्थामध्ये एस.एन.भी. नेपाल, एक्सन एड. नेपाल तथा एसपीडीआई आदिसंस्थाले एकल महिलाको सशक्तिकरणको लागि विभिन्न कार्यक्रममा सहयोग पुऱ्याइरहेका छन् भनेमहिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले पनि यस कार्यक्रमलाई सहयोग पुऱ्याइरहेको पाइन्छ (थापा, २०६२) ।

एकल महिला समूह कास्की मार्फत सञ्चालित एकल महिला उद्यमशीलताले उनीहरूलाई हौसला जगाएको छ । एकल महिला समूह कास्कीले दिएको जानकारी अनुसार यहाँ दुई सयको हाराहारीमा एकल महिलाहरू छन् । तिनीहरूमध्ये अधिकांश आफै व्यापारव्यवसाय गरेर आत्मनिर्भर बनिरहेका छन् (शर्मा, २०६६: ११) ।

एकल महिलाहरूको मानवीय अधिकारलाई संरक्षण गर्न, गरिबी तथा भेदभाव हटाउन र सबै प्रकारको सामाजिक, सांस्कृतिक, धार्मिक, कानुनी, आर्थिक तथा राजनैतिक भेदभाव हटाउनको लागि र एकल महिलाको विकासको लागि सशक्तिकरण सञ्जाल (SANWED), दक्षिण एशियाली क्षेत्रमा एउटा नयाँ अवधारणाको जन्म भयो । यसमा अफगानिस्तान, बंगलादेश, भारत, नेपाल, पाकिस्तान, श्रीलङ्का र भुटानको संलग्नता रहेको छ । यस सञ्जालको स्थापनाले गर्दा यस्तै प्रकारका भेदभावमा जीवन निर्वाह गर्न वाध्य पारिएका संसारभरीका एकलमहिलालाई एकिकृत भई संगठित हुने प्रेरणा दिएको छ । SANWED को मुख्य उद्देश्य भनेको नै एकल महिला (विधवा) हरूले आफ्नो हक, हितको लागि एकिकृत भएर आवाज उठाउनु र आफू नै परिवर्तनको वाहक हुनु साथै राष्ट्रिय देखि अन्तर्राष्ट्रिय स्तर सममका एकल महिलालाई एउटै छातामा समेट्नु रहेको छ । SANWED को जन्म सन् २००५ मे महिनामा मानव अधिकारको लागि महिला, एकल महिला समूहले विश्वमै पहिलोपटक एकल महिलाहरूको क्षमता अभिबृद्धिका लागि अन्तर्राष्ट्रिय सम्मेलन नेपालमा सम्पन्न गऱ्यो (श्रेष्ठ, २०६३) ।

एकल महिला सशक्तिकरणका लागि सबैभन्दा पहिले आर्थिक अवस्थमै सुधार ल्याउनुपर्ने आवश्यकता औंल्याउँदै अधिवक्ता गीता ओझा भन्छिन्, “आर्थिक अवस्था सुदृढ भयो भने मात्र एकल महिलाहरू अन्य क्षेत्रमा सशक्त रूपमा लाग्न सक्छन् । राजनीतिमा पहुँच बढ्न सक्छ । त्यसका लागि उनीहरूलाई उचित तालिम दिई रोजगारीका अवसरको सिर्जना गरिनुपर्दछ (रेग्मी, २०६३) ।

सरकारी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको तत्वावधानमा १५ वटा संस्था मिलेर "Networking for single women" एकल महिलाहरूको लागि सन्जाल स्थापना गरेका छन् । महिला मन्त्रालयको समेत सहभागिता रहेको यस सञ्जालले जिल्ला जिल्लामा भएका एकल महिलाको सशक्तिकरणका लागि विभिन्न कार्यहरू गर्ने तथा सूचनाको पहुँच सबै एकल महिला समक्ष पुऱ्याउने उद्देश्य राखिएको छ । सोही उद्देश्य अनुरूप एकल महिलाको गतिविधिबारे जानकारी दिने तथा उनीहरूलाई चेतना जगाउने उद्देश्यले अस्तित्व त्रैमासिक प्रकाशन गर्ने निर्णय गरिएको छ (एकल महिला सञ्जाल समूह, २०६१) ।

अशोका फाउण्डेसनको सहयोगमा एकल महिला समूह र एड्भोकेसी फोरमले संयुक्त रूपमा “एक्सेस टु जस्टीस” अर्थात् “कानुन माथि पहुँच” विषयक दुई दिने

कार्यशाला काठमाडौँमा सम्पन्न गऱ्यो । समूहका अध्यक्ष लिली थापाको अध्यक्षतामा सम्पन्न सो कार्यक्रमले एकल महिलाले समाजका अन्य सदस्यहरू सरह सबै अधिकारहरू उपभोग गर्न पाउनुपर्ने मान्यता राख्दै कानुनविद, पत्रकार, मानवअधिकारवादी, बुद्धिजिवी, सामाजिक संघसंस्थाका प्रतिनिधिहरूको उपस्थितिमा नौ बुँदे "काठमाडौँ घोषणापत्र" जारी गऱ्यो । कार्यशालामा बेलायत स्थित Empowering widow in Development संस्थाकी संस्थापिका व्यारिष्टर मार्गरेट वोबनको पनि सहभागिता थियो । मार्गरेटले नेपालमा एकल महिलाको सशक्तिकरणको लागि CEDAW को घोषणा पत्र अनुसार काम गर्नुपर्ने कुरालाई जोड दिनुभयो (एकल महिला सञ्जाल समूह, २०६१) ।

मानव अधिकारको लागि महिला,एकल महिला समूहको केन्द्रीय कार्यालय लगायत जिल्लाका एकल महिला समूहहरूले पनि जून २३ गतेको दिनलाई अन्तर्राष्ट्रिय एकल महिला दिवसको रूपमा विभिन्न कार्यक्रमहरूको आयोजना गरी मनाउँदै आएका छन् (एकल महिला सञ्जाल समूह, २०६६) ।

मानवअधिकारको लागि महिला, एकल महिला समूह केन्द्रीय कार्यालयको आयोजनामा नेपालमा पाँच विकास क्षेत्रमा क्षेत्रीय सञ्जाल गठन गरिसकेको छ । उक्त क्षेत्रीय सञ्जालमार्फत केन्द्रीय कार्यालयले विभिन्न जिल्लामा भएका महिला समूह गठन गर्ने कार्य लगायत अन्य विविध कार्यहरू पनि यही क्षेत्रीय सञ्जाल मार्फत संचालन हुनेछ । ( एकल महिला सञ्जाल समूह, २०६६) ।

१५ औँ शार्क शिखर सम्मेलन २००८ डिसेम्बरमा श्रीलङ्काको राजधानी कोलम्बोमा आयोजना भएको थियो जसमा यस संस्थाको संस्थापिका लिली थापा तथा सल्लाहाकार प्रो राधादेवी शर्माको सहभागिता रहेको थियो । कोलम्बो घोषणापत्रको बुँदा ३२ ले सार्क शिखर सम्मेलनको इतिहासमा नै पहिलोपटक एकल महिलाको मुद्दालाई विशेष प्राथमिकताका साथ सम्बोधन गरेको छ (एकल महिला सञ्जाल समूह, २०६६) ।

महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय नेपाल सरकारको नेतृत्व र मानव अधिकारको लागि महिला, एकल महिला समुहको सक्रिय सहभागितामा एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली २०७० पारित गरी सकेको छ । (मा.अ. को लागि एकल महिला समुह अर्ध वार्षिक प्रकाशन अङ्क, १५)

**रातो अभियान**

एकल महिलाहरूले अहिले रातो पहिरन लगाउन सुरु गरेका छन् । रातो पहिरन सँगै उनीहरूको जीवनमा साँच्चै परिवर्तनका संकेत देखिन थालेका छन् । समाजबाट आफूलाई हेपिएका र अपहेलित मात्रै होइन, असुरक्षित समेत ठान्ने महिलाहरूले सुरक्षा महशुस गर्न थालेका छन् । एकल महिलाहरूका लागि यो अवस्था सजिलै आएको होइन न त समाजले नै यस्तो गराइदिएको हो । हाम्रो रुढीवादी समाज त सधैं उनीहरूको विरोधमै थियो । यही अवरोधका बीच पनि केही एकल महिलाहरूले यो रातो अभियानको सूरुआत गरे । गैंडाकोट नवलपरासीका एकल महिलाहरूले पनि लोग्ने नहुनेले रातो पहिरन लगाउन पाउनुपर्छ भन्दै सदियौं पुरानो परम्पराको साङ्लोलाई चुडाउँदै सामूहिक रूपमा राता कपडा, चुरा र टीका लगाएर राताम्य भए । त्यसपछि उनीहरूको यही साहसको सिको गर्दै अन्य ठाउँमा एकल महिलाहरूले पिन यही अभियानलाई पछ्याए । अन्ततः एक वर्षको अन्तरालमा सदियौं पुरानो वाध्यकारी परम्परा तोडियो र देशभरका एकल महिलाहरू राता पहिरनमा सजिन थाले (रेग्मी, २०६३) ।

मानव अधिकारका लागि महिला, एक महिला समूह धादिङ्ग शाखाले २०६२ पौष २० गते धादिङ्ग वेशीमा एकल महिलाहरूलाई रातो पहिरन कार्यक्रम सम्पन्न गरियो । श्रीमान्को मृत्यू पछि जवरजस्ति रूपमा महिलाहरूलाई रातो पहिरन लगाउन बाट वञ्चित गरिएकाले मानसिक रूपमा कमजोर बन्ने गरेको तथ्यलाई मनन गर्दै एकल महिला हरेकक्षेत्रमा अगाडि बढ्न 'रातो पहिरन' मुख्य द्वार अर्थात कोशो ढुङ्गा सावित बन्ने संस्थाको केन्द्रीय अध्यक्ष लिली थापाले बताउनु भयो (एकल महिला सञ्जाल समूह, २०६२) ।

## २.४ सरकारी नीति तथा कार्यक्रम

आर्थिक वर्ष २०६६/०६७ को आर्थिक बजेटमा महिला अधिकार विकासका लागि ल्याइएको केही कार्यक्रम आकर्षक भए पनि कतिपय कार्यक्रम भने विवादित छन् । सरकारले एकल महिलाका लागि ल्याएको भनिएको नयाँ कार्यक्रमको महिलाहरूले नै विरोध गरेका छन् । एकल महिला विवाह गर्न प्रोत्साहन गर्ने उद्देश्यले घोषणा गरिएको कार्यक्रमबाट प्रत्येक विवाहित जोडीलाई रु. ५० हजारका दरले दिने प्रोत्साहन कार्यक्रम छ । महिला अधिकारवादीरुले यस कार्यक्रमले एकल महिलाहरूको आत्मसम्मानमा चोट

पुऱ्याएको भनी विरोध गरेका छन् । एकल महिलाको समस्या पुनर्विवावह गर्नु नभई उनीहरूको सामाजिक सम्मान र आर्थिक सशक्तिकरण हो । एकल महिलाको सामाजिक सम्मान, रोजगारी, उनीहरूका छोराछोरीलाई निःशुल्क शिक्षा र रोजगारीको व्यवस्था हुन सकेमा मात्र सशक्तिकरण गर्नमा मद्दत पुग्नेछ (वाग्ले, २०६६) ।

सरकारको यस नीतिले एकल महिलालाई परजीवि र झनै कमजोर बनाएको भन्दै एकल महिलाहरूले गम्भीर आपत्ति जनाएका छन् । एकल पुरुषले इच्छाएमा सजिलै तत्काल विवाह गर्न सक्ने तर एकल महिलाले विवाह गर्दा सरकारले भत्ता दिनुपर्ने किन ? एकल महिलाले विवाह गर्नु उनीहरूका सबै समस्याको समाधान हो ? यो बजेट कतिजना एकल महिलाका लागि उपयुक्त हुन्छ ? बजेट बनाउने बेलामा कुन एकल महिलासँगसम्बन्धित निकाय वा संस्थालाई सोधियो ? यी प्रश्नहरू मानव अधिकारका लागि एकल महिलाद्धारा श्रावण १ गते राजधानीमा आयोजित बजेट बारे अन्तरक्रिया कार्यक्रममा सहभागी एकल महिलाहरूको थियो । कार्यक्रममा मानव अधिकारको लागि एकल महिला समूहका संस्थापक अध्यक्ष लिली थापाले वर्तमान सरकारको यो नीति झट्ट हेर्दा सकारात्मक देखिए पनि यसले समाजमा नराम्रा विकृति फैलाउने दाबी गर्नुभयो । यस नीतिले गर्दा गाउँका सोझा सादा एकल महिला दिदीबहिनीलाई ललाईफकाई विवाह वन्धनमा फसाएर घर न घाटको बनाएर ती महिलामाथि अझै हिंसा बढ्न सक्ने बताउनुभयो । उहाँले भन्नुभयो, "यदि यो सरकारले एकल महिलाको साँच्चिकै भलो गर्नु नै थियो भने एकल महिलालाई आर्थिक रूपले सशक्त बनाउनका लागि सीप र आयमूलक तालिमको व्यवस्था, एकल महिलाका बालबालिकाका लागि छुट्टै कोटाको व्यवस्था सरकारद्धारा एकल महिलालाई रासन कार्डको व्यवस्था गरिदिए धेरै उपयुक्त हुने थियो । उहाँले नेपालको ५२ जिल्लाका २७५ गा.विस.का एकल महिला समूहको स्थापना गरी ४५ हजार एकल महिलालाई संगठित गरिसकेको पनि जानकारी दिनुभयो (क्षेत्री, २०६६) ।

एकल महिला विवाह गर्नेलाई दाइजो दिए जसरी पुरस्कृत गर्नुलाई उपयुक्त कदम मान्न सकिन्न । बजेट कार्यक्रमको अन्तर्निहित आशय सकारात्मक दृष्टिबाट आए जस्तो देखिए पनि सरकारी बजेटले त्यसलाई पुष्टि गर्ने आधार प्रदान गर्दैन विभिन्न कारणका लागि फर्जी विवाह गर्ने परम्परा मौलाएकाले सरकारको पछिल्लो योजना कार्यान्वयनमा सतर्कता अपनाउन नसके राज्यको ढुकुटी सिध्याउने काम मात्रै हुनेछ । वास्तविक वर्ग लाभबाट वञ्चित हुनेछन् (दवाडी, २०६६) ।

सरकारको बजेट भाषणमा एकल महिलालाई दिई आएको रु. २५० भत्ताबाट बृद्धि गरी रु. ५०० दिने निर्धारण गरे पनि त्यसमा सरकारले सो भत्ता प्राप्त गर्न ६० वर्षको उमेर पुग्नुपर्ने कुरा निर्धारण गरेको थियो र सो कुराप्रति नेपालका सम्पूर्ण एकल महिलाहरूले आपत्ति प्रकट गरिरहेका थिए । यसै फलस्वरूप सम्पूर्ण एकल महिला जिल्ला समितिहरूले आ-आफ्नो जिल्लामा उमेरको हदबन्दी हटाउनुपर्ने माग गर्दै हस्ताक्षर संकलनको अभियान संचालन गर्दै हरेक जिल्लाका जिल्ला विकास समितिमा गई प्रमुख जिल्ला अधिकारी समक्ष एकल महिलाको घोषणापत्र पेश गरेका थिए । जसमा अब बन्ने संविधानमा एकल महिलाका सम्पूर्ण सवालहरूलाई राज्यको निर्धारित सिद्धान्तमा नभई मौलिक हक अन्तर्गत नै राख्नुपर्ने कुरा समेत उल्लेख गरिएको थियो । हाल आएर उमेरको हदबन्दी हटाइएको छ (एकल महिला सञ्जाल समूह, २०६६) ।

## २.५ एकल महिलाको मानवाधिकार एवं कानुनी प्रावधान

राज्यले एकल महिलाहरूको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ भनी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३५ (९) मा भनिएको थियो (नेपालको अन्तरिम संविधान, २०६३) ।

मुलुकी ऐन एघारौं संशोधन २०५८ को अंशवण्डा महलको दफा १२ नं. ६८ अनुसार एकल महिललो चाहेमा आफ्नो अंश लिई भिन्न हुन पाएँछन् । सन्तान नभएका एकल महिलाले अर्को विवाह गरेमा निजले आफ्नो अंश आफूखुसी गर्न पाउँछन् । सन्तान भएका एकल महिलाले अर्को विवाह गरेमा सन्तान नाबालक भएसम्म त्यस्ता सन्तानको पालनपोषण र शिक्षादिक्षाको व्यवस्था सोही सम्पत्तिबाट गर्नुपर्छ । सो काममा बाहेक त्यस्तो सम्पत्ति बण्डा र बेचविखन गर्न पाउँदैनन् । सन्तान साबालक भएपछि आफ्नो अंश भाग आफूखुसी गर्न पाउँछन् (श्रेष्ठ, २०६४) ।

नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ को धारा ११, समानताको हक, मा सबै नागरिकहरू कानुनी दृष्टिमा समान रहने, कानुनको प्रयोगमा धर्म, वर्ण, लिंग, जात, जातिको आधारमा कसैमाथि भेदभाव गरिने छैन भनी स्प्ष्ट व्यवस्था गरिएको पाइन्छ । कानुनमा स्पष्ट व्यवस्था गर्दागर्दै पनि हाम्रो समाजले भने एकल महिलाहरूलाई सम्मानजनक व्यवहार नगरी हेला गर्ने गरेको पाइन्छ (रिजाल, २०६०) ।

कुनै मर्ने व्यक्तिको छोरा नभई विधवा बुहारी भएमा भने निजले छोरा सरह अपुताली पाउने गरी विधवा बुहारीलाई पनि छोराको स्थानमा अपुताली पाउने हकवालामा राखिएको पाइन्छ ।

त्यसैगरी मुलुकी ऐन एघारौं संशोधन २०५८ को स्त्री अंशधन महलको दफा २ नं. ३ अनुसार विधवाले आफ्नो अंश हकको चल अचल सम्पत्ति आफू खुसी गर्न पाउँछन् । लोग्ने, छोरा वा हकवालाको मन्जुरी लिनुपर्दैन (श्रेष्ठ, २०६४) ।

एकल महिलाले आफ्नो ज्ञान, सीप, मेहनत वा निजी प्रयासले कुनै सम्पत्ति कमाएको रहेछ भने उक्त सम्पत्तिमा निजको पूर्ण अधिकार हुन्छ । त्यस्तो सम्पत्तिमा कसैले दाबी गर्न सक्दैन । मोही कायम भएको कुनै जग्गाका मोहीको मृत्यु भएमा निजको एकल महिला श्रीमतीले मोहियानी हक प्राप्त गर्न सक्दछिन् । एकल महिलाले बिहे गरे पनि उसले पाएको उसले पाएको अंश फर्काउन पर्दैन, सो सम्पत्तिमा निजको पूर्ण अधिकार रहन्छ ( एकल महिला सञ्जाल समूह: २४) ।

एकल महिला (विधवा) विवाह गर्ने जोडीलाई ५० हजार दिने सरकारी निर्णयको कार्यान्वयन तत्काल रोक्न सर्वोच्च अदालतले २०६६ माघ ५ गते अन्तरिम आदेश दिएको छ । सर्वोच्चले भनेको छ, “विवाहमा फकाउने, भ्रुक्याउने, थर्काउने, फँसाउने र प्रलोभनमा पार्ने कार्यको कुनै स्थान हुँदैन, त्यस्तो विवाह जहिले पनि गैरकानुनी मान्नुपर्दछ ।” न्यायधीशद्वय बलराम के.सी. र गिरीश चन्द्रलालको संयुक्त इजलासबाट जारी आदेशमा एकल महिलालाई विवाह गर्ने जोडीलाई रकम दिन बनेको निर्देशिका रिटको अन्तिम टुगो नलागेसम्म ‘सबै काम यथास्थितिमा राख्नु’ भन्ने उल्लेख छ । उक्त मितिबाट आदेश लागू गर्न पनि सरकारलाई निर्देश गरेको छ (सिंह, २०६६) ।

सर्वोच्च अदालतले सबै एकल महिलालाई भत्ताको व्यवस्था मिलाउन सरकारको नाममा आदेश दिएको छ । जटिल सामाजिक स्थिति र रुढीवादी संस्कारलाई विचार गरी ६० वर्ष मुनिका एकल महिलाले पनि विशेष भत्ता पाउने मापदण्ड निर्धारण गर्न सर्वोच्च अदालतले फागुन २६ गते सरकारका नाममा आदेश जारी गरेको हो । पतिको पेन्सनबाट विधवाले पाउने रकम, विधवाको नाममा भएको सम्पत्ति, आयश्रोत जस्ता विधित पक्षलाई दृष्टिगत गरी निर्देशिका बनाउन समेत आदेश दिइएको छ (विरही, २०६६) ।

# अध्याय तीन
# अनुसन्धान विधि

यस अध्ययनलाई मूर्त रूप प्रदान गर्न विशेष गरेर स्थलगत तथा विभिन्न अनुसन्धानकर्ता तथा लेखकहरूद्धारा लेखिएका पुस्तकहरू, लेखहरू आदिलाई मुख्य आधार बनाई अनुसन्धानलाई अघि बढाइएको छ । सामाजिक विषयवस्तु भएको तथा लैङ्गिक दृष्टिकोणबाट अनुसन्धान गरिएको छ । जसको मुख्य अध्ययन क्षेत्र वैतडी जिल्ला, ग्वाल्लेक गा.वि.स. १ र यस क्षेत्रका एकल महिलाहरूको वैयक्तिक अध्ययनद्धारा प्राप्त परिणामहरूको आधारमा तुलनात्मक अध्ययन अनुसन्धान तथा विश्लेषणात्मक पद्धति समेतको सहयोगद्धारा शोधकार्यलाई मूर्त रूप दिइएको छ ।

## ३.१ अध्ययनको ढाँचा

यस अनुसन्धानमा मुख्य रूपमा विषयवस्तुलाई वर्णनात्मक तरिकाबाट प्रष्ट्याउने प्रयत्न गरिएको छ । मूल विषयमा केन्द्रित रहेर प्राप्त विवरणहरूको व्याख्या गर्नुका साथै एकल महिलाहरूका सम्बन्धमा शैक्षिक स्थिति, उमेर, उनीहरूको भावनात्मक, मनोवैज्ञानिक पक्ष, परिवारको किसिम तथा हाम्रो समाजको धार्मिक ऐतिहासिक पृष्ठभूमिदेखि वर्तमान समाजको सामाजिक अवधारणाहरू एकल महिलाहरूको सशक्तिकरण, मानवाधिकार तथा कानुनी प्रावधान तथा सरकारी नीतिहरूको बारेमा समेत सकेसम्म उजागर गर्ने प्रयत्न गरिएको हुँदा उनीहरूको सामाजिक, आर्थिक स्थिति आदि विषय बाहेक एकल महिलाहरूप्रति समाजको तथा समाजप्रति उनीहरूको दृष्टिकोणका सम्बन्धमा वर्णन गरिएको छ । समग्रमा भन्नुपर्दा एकल महिलाहरूले भोगिरहेका समस्याहरूलाई उजागर गर्न खोजिएको छ ।

## ३.२ अध्ययनको क्षेत्र तथा छनौटको औचित्य

अनुसन्धानको विषयवस्तु लैङ्गिक दृष्टिकोणमा आधारित तथा सामाजिक परिवेशमा केन्द्रित रहेको हुनाले यस अध्ययनलाई उपयूक्त तवरले सम्पन्न गर्नको लागि वैतडी जिल्लाको ग्वाल्लेक गा.वि.स. वार्ड नं. १ क्षेत्रलाई अध्ययन स्थलको रूपमा लिइएको छ । यस क्षेत्रका एकल महिलाहरूले भोगिरहेका समस्याहरूको बारेमा अध्ययन अनुसन्धान भएको

पाइँदैन । यस क्षेत्रका ४० जना एकल महिलाहरूका विभिन्न सामाजिक साँस्कृतिक, आर्थिक तथा मनोवैज्ञानिक समस्याहरू रहेका छन् । ग्वाल्लेक गा.वि.स वार्ड नं. १ का कुल घरधुलीमा जम्मा ४० जना मात्रै एकल महिलाहरू रहेको हुनाले र यो गा.वि.स. मा मिश्रित जातजातिको बसोबास रहेको र सबै जातिको एकल महिलाहरूको फरक फरक स्थितिलाई अध्ययन गर्न सकिने भएकोले सबै एकल महिलाहरूलाई यस अध्ययन क्षेत्रमा समेटिएको हो । जुन समस्याहरू उनीहरूले भोगिरहेका छन्, ती हाम्रो समाजको उपज रहेको पाइन्छ । एकल महिलाहरू धेरै पीडित छन् । ४० जना मध्ये केही एकल महिला वृद्ध, केही प्रौढ तथा केही यूवा अवस्थाका छन् । बृद्ध एकल महिलाहरूको दाँजोमा यूवा तथा प्रौढ एकल महिलाहरूले धेरै संघर्ष गर्नुपरेको देखियो । विभिन्न कारणबाट श्रीमान्को मृत्यु पश्चात उनीहरूमा थप जिम्मेवारी देखियो साथै एकल भएपछि समाजको दृष्टिकोण तथा व्यवहारमा पनि परिवर्तन देखिन आएको कारण उनीहरू धेरै पिडित छन् यसले यस क्षेत्रका एकल महिलाहरूले यस्ता विभिन्न समस्याहरू भोगिरहको कारण यस्ता समस्याहरूलाई हटाउनु अति आवश्यक ठान्दै र यो शोधकर्ता पनि यसै क्षेत्रको भएको हुनाले अध्ययन अनुसन्धान गर्न सरल हुने भएकाले यस क्षेत्रलाई नै अध्ययन क्षेत्र छनौट गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत

यस अध्ययनका लागि संकलित तथ्यहरू गुणात्मक तथा मात्रात्मक दुबै प्रकृतिको छ । एकल महिलाहरूका विवरण जस्तैः जाति, धर्म, उमेर, वैवाहिक स्थिति, वैधव्य स्थिति, परिवारमा निर्णायक भूमिका, स्वास्थ्य, आर्थिक अवस्था, व्यवसाय अन्य क्रियाकलाप आदि जस्ता कुराहरूलाई गुणात्मक तथा मात्रात्मक रूपमा प्रस्तुत गरिएका छन् । अध्ययन क्षेत्रबाट प्राप्त विभिन्न सूचना तथा तथ्यांकहरूलाई तिनीहरूको प्रकृति अनुसार वर्गीकरण गरी संख्यात्मक प्रकृतिको तालिकाद्धारा देखाइएको छ । गुणात्मक प्रकृतिको तथ्यांकलाई वर्णनात्मक विश्लेषण गरी यी दुई प्रकृतिका तथ्यांकहरूलाई आवश्यक स्थानमा प्रस्तुत गरिएको छ ।

यस अध्ययनमा प्राथमिक तथा द्वितीय दुबै प्रकारका स्रोतहरूको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । एकल महिलाहरूसँग प्रत्यक्ष अन्तर्वार्ता लिनाको साथै उनीहरूको मनोभावना बुझी उनीहरूको समस्याहरूको बारेमा अध्ययन, अवलोकन गरिएको छ ।

द्वितीय तथ्यांक विभिन्न लेख, रचना, प्रकाशन, पुस्तक, पत्रपत्रिकाहरू, शोधपत्र तथा गा.वि.स.बाट प्रकाशित तथ्यांकहरूलाई आधार मानी अध्ययन गरिएको छ ।

## ३.४ तथ्याङ्क संकलन विधि

यस अध्ययनमा एकल महिलाहरूको सामाजिक, सांस्कृतिक, आर्थिक, मनोवैज्ञानिक समस्याहरूको बारेमा अन्तर्वार्ता विधि, समूह छलफल, अवलोकन वा वैयक्तिक अध्ययन पद्धतिद्वारा उनीहरूका समस्याहरूमा केन्द्रित रहेर अध्ययन, अवलोकन तथा यस विषयसँग सम्बन्धित सन्दर्भ ग्रन्थहरू जस्तैः विभिन्न लेख, रचना, पुस्तक, प्रकाशन, पत्रपत्रिका आदिलाई मूख्य आधार बनाई तथ्यहरूको संकलन गरिएको छ जुन यसप्रकार रहेको छ ।

### ३.४.१ प्राथमिक तथ्याङ्क संकलन

#### (१) अन्तर्वार्ता विधि

एकल महिलाहरूका गतिविधिसँग सम्बन्धित अध्ययनका क्रममा आवश्यक सामग्री प्राप्त गर्नका लागि व्यक्तिगत रूपमा अन्तर्वार्ता लिइएको छ । संरचित प्रश्नावलीका आधारमा अध्ययन क्षेत्रका एकल महिला तथा अन्य व्यक्तिहरूसँग प्रत्यक्ष अन्तर्वार्ताको माध्यमद्वारा तथ्यांक संकलन गरिएको छ । जसमा एकल महिलाहरूको समस्याहरू र त्यससँग सम्बन्धित अन्य विषयहरूमा साथै एकल महिलाहरूको आत्मसम्मानको मूल्यांकनका बारेमा पनि अन्तर्वार्ता लिइएको छ । अन्तर्वार्ता अनुसूची यस अध्ययनको परिशिष्ट १ र २ मा दिइएको छ ।

#### (२) वैयक्तिक अध्ययन वा अवलोकन पद्धति

यस अनुसन्धानमा स्थलगत अध्ययन अवलोकनको महत्वपूर्ण भूमिका छ । अर्थात् अध्ययनको क्रममा सम्पूर्ण तथ्यहरू प्रश्नावली वा अन्तर्वार्ताबाट मात्र पर्याप्त नहुने हुँदा सम्बन्धित क्षेत्रको स्थलगत अध्ययन, अवलोकन वा वैयक्तिक अध्ययनद्वारा तथ्याङ्क संकलन गरिएको छ ।

(३) **समूह छलफल**

तथ्यांक संकलनको क्रममा कुनै कुनै प्रश्नहरूको उत्तर उत्तरदाताले एक्लै भन्न नरुचाउने, अप्ठ्यारो मान्ने जस्ता कुराहरू हुन्छन् भने कतिपय प्रश्नहरूको जवाफ परिवार तथा अन्य छिमेकीहरूको अगाडि भन्न असजिलो हुने जस्ता स्थिति देखापर्ने हुँदा अध्ययनका क्रममा केही प्रश्नहरूलाई सामूहिक छलफलका आधारमा पनि अध्ययन गरिएको छ ।

### ३.४.२ द्वितीयक तथ्यांक संकलन

अनुसन्धानका क्रममा अध्ययनकर्ता एक्लैले मात्र सम्पूर्ण तथ्यांकहरू संकलन गर्ने र अध्ययनलाई पूर्णता दिनु अत्यन्तै जटिल तथा कठिन हुने देखिन्छ । त्यसैले अध्ययनकर्ता आफैले तयार गरेको प्राथमिक तथ्याङ्क मात्र अपुरो हुने हुँदा सम्बन्धित विषयको अन्य तथ्यांकहरूलाई द्वितीयक वा सहायक तथ्यांकको रूपमा समावेश गर्नुपर्ने हुन्छ । त्यसैले यस अध्ययनमा पनि विभिन्न विद्वान्हरूका लेख, रचना, प्रकाशन, पुस्तक, पत्रपत्रिका साथै गा.वि.स.बाट प्राप्त तथ्याङ्कहरू आदिलाई द्वितीयक तथ्यांकको रूपमा समावेश गरिएको छ ।

## ३.५ तथ्यांक विश्लेषण प्रक्रिया

कुनै पनि अध्ययन, अनुसन्धानको सफलता संकलन गरिएका तथ्यांकहरूको प्रभावकारी विश्लेषण तथा त्यसको प्रस्तुतीकरणमा भर पर्छ । त्यसकारण यस अध्ययनमा पनि संकलित तथ्यांकहरूको प्रकृति अनुसार वर्गीकरण गरी त्यसलाई विश्लेषण गरिएको छ । गुणात्मक प्रकृतिका सूचनाहरूलाई आवश्यकताअनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक र बोधगम्य बनाउन त्यसलाई विस्तार र विश्लेषण गरिएको छ । प्रस्तुतीकरणमा वर्णनात्मक पक्षमा विशेष जोड दिइएको छ तथा विश्लेषणात्मक पक्षलाई पनि त्यत्तिकै स्थान दिइएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्र र एकल महिलाहरूको सामाजिक अवस्था

## ४.१ अध्ययनक्षेत्रको परिचय

कुनै पनि विषयको अध्ययन गर्ने क्रममा अनुसन्धानकर्ताले आफूले रोजेको विषयवस्तुसँग प्रत्यक्ष सम्बन्ध राख्ने उचित स्थान चयन गर्नु अनिवार्य हुन्छ । उचित स्थान र श्रोत विना अध्ययन कार्य असम्भव हुने हुँदा अध्ययनको विषय अनुसार अध्ययन क्षेत्रको तालमेल मिलाएर यस अध्ययन अनुसन्धानलाई अगाडि बढाइएको छ ।

यस अध्ययनमा एकल महिलाहरूको विषयमा उनीहरूका सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक तथा मनोवैज्ञानिक विविध समस्याहरूलाई सकेसम्म केलाएर लैजाने प्रयत्न गरेको हुँदा अध्ययनको लागि उपयुक्त अध्ययन स्थलको रूपमा वैतडी जिल्ला ग्वाल्लेक गा.वि.स. १ लाई अध्ययन स्थलको रूपमा चयन गरिएको छ । यस क्षेत्रमा बसोबास गर्दै रहेका एकल महिलाहरू र उनीहरूका समस्याहरू तथा समाजलाई मध्यनजर गरी यो शोधपत्र तयार गरिएको छ ।

### ४.१.१ अध्ययन क्षेत्रको भौगोलिक अवस्था

समग्र दृष्टिकोणले महत्वपूर्ण रहेको वैतडी जिल्लाको ग्वाल्लेक गा.वि.स.मा ९ वटा वडाहरू रहेका छन् । जसमध्ये वडा नं. १ वास मगराउ भन्ने गाउँ रहेको छ । जुन सदरमुकामबाट पश्चिमपट्टि ३ किलोमिटरको दुरीमा अवस्थित छ भने यस वास मगराउबाट ग्वाल्लेक गा.वि.स. २ किलोमिटरको दुरीमा रहेको छ । यो क्षेत्रको हावापानी त न धेरै चिसो र न त धेरै गर्मी नै हुन्छ । यहाँको मौसम काठमाडौंको जस्तै छ । यो क्षेत्र हराभरा, मनमोहक छ र खेतीयोग्य जमिन पनि ठिकठिकै रहेको छ । यस क्षेत्रमा विभिन्न मनमोहक दृश्यहरू रहेका छन् । जसको पूर्व र दक्षिण दिशामा विभिन्न देवी देवताहरूका मन्दिरहरू रहेका छन् । जहाँ विभिन्न अवसरहरूमा श्रद्धालु दर्शनार्थीहरूको भिडले यस स्थानको महत्व बढन गएको पाइन्छ । त्यस्तै उत्तर दिशामा सदरमुकाम रहेको छ भने दक्षिण दिशामा माध्यमिक विद्यालय रहेको छ । विकासको आधुनिकतासँगै यस क्षेत्रमा पनि विद्युत, टेलिफोन, स्वास्थ्य चौकी, पुलिस चौकी आदि विभिन्न सुविधाहरू प्राप्त भइसकेको छ त्यस्तै विभिन्न

स्कुल, कलेजहरूस्थापित छन् । पानीको हिसाबले यस क्षेत्र अत्यन्त महत्वपूर्ण रहेको छ । हरेक घरमा निजी धारा रहेको पाइन्छ भने विभिन्न कार्यको लागि पानीको मुल नजिकै भएकाले सिधै पाइपबाट पानीको आपूर्ति गरिएको छ ।

### ४.१.२ अध्ययन क्षेत्रको सामाजिक अवस्था

यस क्षेमा मुख्य तया ब्राह्मण, क्षेत्री, ठकुरी, दमाई, कामी र सार्की जातिको बसोबास रहदै आएको छ । अन्य जातजातिको बसोबास यस क्षेत्रमा पाइदैन । यो क्षेत्रमा बाहुनको बाहुल्यता छ । धर्म र संस्कृतिको हिसाबले यो क्षेत्र निकै परम्परागत हिसाबको छ । यो क्षेत्रको मुख्य चाड गौरा पर्व हो भने दशै, तिहार पनि उत्तिकै रूपमा मनाइने गरिन्छ । यो क्षेत्रका धेरै जसो मानिसहरू त्यसमा पनि (बुढापाखाहरू) निकै रुढीवादी परम्पराका छन् । तर अहिले चाहि पहिलेको तुलनामा केही परिवर्तन आएको देखिन्छ ।

### ४.१.३ अध्ययन क्षेत्रको आर्थिक अवस्था

यस क्षेत्रका बासिन्दाहरू प्रायः मध्यम वर्गमा पर्न आउँछन् । खेतीयोग्य जमिन र उत्पादनका हिसाबले यो क्षेत्र त्यति उपयुक्त मानिदैन । यस क्षेत्रका अधिकाँश मानिस आर्मी, पुलिस तथा भारत तिर गएर काम गर्ने गर्दछन् र अरु मानिसको पेशा जातिगत आधारमा छुट्टा छुट्टै रहेको पाइन्छ, कृषि, पशुपालन लगायत अन्य पेशा व्यवसाय (मिस्त्री, लुगा सिलाउने, निङ्गला (बाँसको) काम अपनाएका छन् । महिलाहरूको तुलनामा पुरुषहरू अधिकांश मात्रामा जागिरे छन् । आर्थिक रूपमा सुद्रढ हुने मान्छे बसाई सरेर तराई तिर झर्ने (कैलानी, कञ्चनपुर) क्रम बढ्दो छ । यस क्षेत्रमा गठन भइरहेको विभिन्न समुहरू ( जस्तै आमा समुह महिला समुहले) गर्दा महिलाहरूको स्थितिमा अलि अलि सुधार भइरहेको देख्न सकिन्छ ।

### ४.१.४ अध्ययन क्षेत्रको शैक्षिक अवस्था

यस क्षेत्रको शैक्षिक हेर्दा सन्तोषजनक नै छ । देशको कुल जनसङ्ख्याको झण्डै आधा जनता साक्षर हुनबाट वञ्चित रहेको अवस्थामा पनि यस क्षेत्रका साक्षरता ७० प्रतिशत रहेको छ । महिला भन्दा पुरुष ४० प्रतिशत बढी सम्क्षर छन् । यस क्षेत्रमा ( ग्वाल्लेक गा.वि.स.) मा भने एउटा माध्यमिक तह सम्मको स्कुल तथा ३ वटा प्रा.वि. र

एउटा निम्न, मा.वि. तह को स्कुलहरू रहेका छन् भने सदरमुकाम नजिकै भएकोले कलेज स्तरको पढाइएको लागि एउटा स्नातकोत्तर तहको कलेज र अरु उच्च मा.वि. रहेका छन् । ग्वाल्लेक १ बाट नजिकै सदमुकामको साहिलेक भन्ने ठाउँमा अवस्थित विरेन्द्र उच्च मा.वि. रहेको छ ।

## ४.२ अध्ययन क्षेत्रका एकल महिलाहरूको सामाजिक अवस्था

एकल महिलाहरूको समस्याको सम्वन्धमा जानकारी हासिल गर्ने उद्देश्यले गरिएको अध्ययनमा मुख्य रूपमा वैतडी जिल्ला, ग्वाल्लेक गा.वि.स.- १ का एकल महिलाहरूको वैयक्तिक तथा पारिवारिक पृष्ठभूमी, शैक्षिक अवस्था, जातिगत तथा स्वास्थ्य सम्बन्धी विवरणका बारेमा गरिएको स्थलगत अध्ययनबाट प्राप्त विवरणहरू सवैलाई वृतान्त रूपमा तल उल्लेख गरिएको छ ।

### ४.२.१ उमेरगत विवरण

वैतडी जिल्ला, ग्वाल्लेक गा.वि.स १ का ४० जना एकल महिलाहरूको समस्याहरूको अध्ययन गर्दा उमेरलाई पनि महत्वपूर्ण रूपमा हेरिनुपर्दछ किनभने सानै उमेरमा विवाहगरिदिनु उमेरै नपुगी बच्चा जन्माउनु, शिक्षालिने उमेरमा घर सम्हाल्ने जिम्मेवारी लिनु, सानै उमेरमा एकल भएमा पुरै जीवन समस्यासँग जुध्नुपर्ने देखिएको पाइयो । अध्ययनको क्रममा एकल महिलाहरूको उमेर समुह सम्वन्धी विवरण निम्न तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं १**

**एकल महिलाहरूको उमेर समुह सम्वन्धी विवरण**

| उमेर समूह (वर्ष) | संख्या | प्रतिशत |
|---|---|---|
| १५–२५ | २ | ५ |
| २६–३५ | ७ | १७.५० |
| ३६–४५ | ८ | २० |
| ४६–५५ | १० | २५ |
| ५६ भन्दा माथि | १३ | ३२.५ |
| जम्मा | ४० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

अध्ययन क्षेत्रका एकल महिलाहरूको उमेर समूह सम्वन्धमा अध्ययन गर्दा यस क्षेत्रका कुल ४० जना एक महिलाहरू मध्ये १५-२५ वर्षका ५% रहेको छ । त्यस्तै २६-३५ वर्षका १७.५० % रहेको छन् भने ३६-४५ वर्षका २० % र ४६-५५ वर्षको ३५% रहेको पाइयो । त्यस्तै ५६ भन्दा माथिका एकल महिलाकारे सङ्ख्या ३२.५ % रहेको पाइयो ।

विभिन्न दुर्घटनामा परि तथा विभिन्न रोगहरू लागेर अकालमा नै ज्यान गुमाउनु परेको कारणले गर्दा पनि धेरै जसो उत्तरदाता महिलाहरू प्रौढ तथा युवा अवस्थामा अर्थात २०-५० वर्षको उमेरमा एकल भएको पाइयो । कम उमेरमा नै विवाह गर्नाले पनि कम उमेरमा नै एकल भएको पाइयो । कम उमेर भएका एकल महिलाहरूको समस्या बढी देखिएको छ । ५६ उमेरभन्दा माथिका ६ जना एकल महिलाहरूको श्रीमान् वृद्ध भएर वा कालगतिले मृत्यु भएकाकारण एकल भएको पाइयो ।

### ४.२.२ शैक्षिक अवस्था

यस क्षेत्रका एकल महिलाहरूको शैक्षिक अवस्थाको सम्वन्धमा अध्ययन गर्दा प्राप्त तथ्याङ्कलाई तलको तालिका नं. २ मा देखाइएको छ ।

**तालिका नं. २**

**एकल महिलाहरूको शैक्षिक अवस्थाको विवरण**

| शैक्षिक स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | १७ | ४२.५ |
| साक्षर | १० | २५ |
| प्राथमिक तह (१-५) | ६ | १५ |
| निम्न माध्यमिक तह (६-८) | ३ | ७.५ |
| माध्यमिक तह (९-१०) | ४ | १० |
| जम्मा | ४० | १०० |

श्रोत: स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका अनुसार अध्यनय क्षेत्रका एकल महिलाहरूको शैक्षिक अवस्थाको अध्ययन गर्दा कुल ४० जना मध्ये अधिकांश ४२.५ प्रतिशत निरक्षर, २५ प्रतिशत साक्षर

अर्थात सामान्य लेखपढ गर्न सक्ने मात्र जान्ने प्रा.वि. मा १५ प्रतिशत र नि.मा.वि. मा ७.५ % र मा.वि. मा १० % रहेको पाइयो ।

हाम्रो पितृसत्तात्मक समाजमा छोरीहरूलाई पढाउनु हुँदैन भन्ने मान्यता भएको कारणले गर्दा पनि अध्ययन क्षेत्रका ४२ प्रतिशत एकल महिलाहरू निरक्षर रहेको पाइयो । निरक्षर हुनेमा प्रौढ तथा वृद्धअवस्थाका एकल महिलाहरू रहेछन् तर समयको परिवर्तनसँगै शिक्षाको विकासले जनचेतनाका कारण विस्तारै छोरीलाई पनि पढाउनु पर्दछ भन्ने मान्यताको विकास हुँदै गएकाले अध्ययन क्षेत्रका केही एकल महिलाहरू सामान्य लेख्न पढन जान्ने तथा प्राथमिक तहसम्म भए पनि शिक्षा हासिल गरेको पाइयो जुन पुरानो पुस्ता रहेको पाइयो । तिनीहरूमध्ये केहीले प्रौढ कक्षा लिँदै गरेको पनि पाइएको छ । बाँकी एकल महिलाहरू सबै शिक्षित रहेको पाइयो । शिक्षित हुने एकल महिलाहरू युवा तथा प्रौढ अवस्थाका रहेको पाइयो । शिक्षाको विकाससँग पहिलाको मान्यताहरूमा परिर्वतन हुँदै आइरहेको पाइन्छ । यसैले अध्ययन क्षेत्रका एकल महिलाहरू पनि केही शिक्षित तथा केही संख्या अशिक्षित रहेको पाइयो । शिक्षित एकल महिलाहरू अशिक्षित एकल महिलाहरूको तुलनामा कम पीडित छन् । शिक्षाको विकासले जनचेतना ल्याई शिक्षित समाजले एकल महिलाहरूलाई हेर्ने दृष्टिकोण र व्यवहारमा पनि केही मात्रामा परिवर्तन आएको पाइन्छ ।

त्यसैगरी अध्ययन क्षेत्रका एकल महिलाहरूको श्रीमान्को शैक्षिक योग्यता कस्तो रहेछ भनी अध्ययन गरिएको छ जसलाई तालिका नं. ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३**

**एकल महिलाहरूको श्रीमान्को शैक्षिक स्तर**

| शैक्षिक स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | ६ | १५ |
| साक्षर | १० | २५ |
| प्राथमिक तह | १० | २५ |
| नि.मा.वि. | ८ | २० |
| मा.वि. | ४ | १० |
| स्नातक तह | २ | ५ |
| जम्मा | ४० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

अध्ययन क्षेत्रका एकल महिलाहरूको तुलनामा उनीहरूको श्रीमान्‌को शैक्षिक स्तर उच्च रहेको पाइयो । १५ प्रतिशत मात्र निरक्षर, २५ साक्षर अर्थात सामान्य लेख्न पढ्न जान्ने, भने बाँकी ६० प्रतिशत शिक्षित रहेको पाइयो । शिक्षितहरूको शैक्षिकस्तर प्राथमिक तह देखि स्नातक तह सम्म रहेको पाइयो । यसबाट महिला र पुरूषमा शैक्षिक हिसाबले पनि भिन्नता गरिएको पाइयो ।

अध्ययन क्षेत्रका युवा एकल महिलाहरू कम मात्रामा भए पनि शिक्षित, वृद्ध अवस्थाका तथा केही संख्या प्रौढ अवस्थाका निरक्षर भने प्रौढ अवस्थाका केही संख्या साक्षर र केही शिक्षित रहेको पाइयो । यसबाट के बुझ्न सकिन्छ भने हिँजोका दिनहरूमा शैक्षिक हिसावले छोरा र छोरीलाई भेदभाव गरिएको थियो भने त्यसमा आज आएर केही परिवर्तन आएको पाइन्छ । जसले गर्दा थोरै संख्या भए पनि अध्ययन क्षेत्रका एकल महिलाहरू शिक्षित छन्‌ । यसरी नै शिक्षाको विकासले छोरा र छोरीमा भिन्नता नगरिने हो भने भोलिका दिनहरूमा पक्कै पनि यी समस्याहरूको समाधान हुने थियो ।

त्यस्तै एकल महिलाहरूका छोराछोरीको शैक्षिक स्तरको बारमो अध्ययन गर्दा प्राथमिक तह देखि स्नातकोत्तर तह सम्म रहेको पाइयो भने कति स्कुल नपठाइएका छोराछोरीहरू पनि छन्‌ । ती मध्ये कोही साना बच्चा छन्‌ जसको स्कुल जाने बेला भएको छैन भने कति बच्चाहरू स्कुल जाने वा पढ्ने उमेर भएपनि आर्थिक अभावका कारण स्कुल पठाएको पाइँदैन । केही एकल महिलाका छोराछोरीहरू पढाई बिचमै रोकेर आर्थिक समस्याका कारण वैदेशिक रोजगारीका लागि गएको, नेपालमानै बसेर कुने व्यावसाय वा पेशा गरेको पनि पाइयो भने केही एकल महिलाका छोराछोरीहरूलाई भने पढाइमा कुनै बाधा नभएको साथै पढाई पूरा गरी विभिन्न पेशामा लागेको पनि पाइयो । यसरी आर्थिक अवस्था सबल भएका र आफू पनि कुनै पेशा संघसंस्थामा संलग्न भएका एकल महिलाहरूको छोरछोरीहरूको शैक्षिक स्तर सन्तोषजनक नै पाइयो भने परिवारको आर्थिक स्थिती कमजोर भएका, ज्याला मजदुरी गर्ने, अन्य पेशामा नलागेका एकल महिलाहरूको छोराछोरीको शैक्षिक स्तर भने राम्रो देखिएन ।

यसैगरी ४० जना एकल महिलाहरूको परिवारको शैक्षिक अवस्था तलको तालिका नं. ४ मा देखाइएको छ ।

**तालिका नं ४**

**एकल महिलाहरूको परिवारको शैक्षिक अवस्थाको विवरण**

| **शैक्षिक स्तर** | **संख्या** | | |
|---|---|---|---|
| | **पुरूष** | **महिला** | **कुल** |
| निरक्षर | ६ | १७ | २३ |
| साक्षर | १० | १५ | २५ |
| प्रा.वि. | १० | ८ | १८ |
| नि.मा.वि. | १२ | ८ | २० |
| मा.वि. | ८ | ६ | १४ |
| स्नातक | ४ | ३ | ७ |
| जम्मा | ५० | ५७ | १०७ |

श्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

अध्ययन क्षेत्रका कुल ४० जना एकल महिलाहरूको परिवारमा कुल संख्या १०७ जना देखियो । जसमा पुरूषको संख्या ५० र महिलाको संख्या ५७ जना रहेको पाइयो । जसमध्ये निरक्षर पुरूषको संख्या ६ जना र महिला १७ जना, साक्षर पुरुषको संख्या १० जना भने महिला १५ जना रहेको पाइयो । प्रा.वि. देखि स्नातक सम्म पुरुषको सङ्ख्या ३४ जा र महिला २५ जना रहेको पाइयो ।

पुरुषभन्दा महिलाको संख्या बढी रहेको तर महिलाहरू नै कम शिक्षित रहेको पाइयो । शिक्षितहरूमा बढी एकल महिलाहरूका छोरा छोरीहरू र परिवारका पुरुष सदस्यहरू नै रहेको पाइयो भने केही संख्या एकल महिलाहरू तथा अन्य महिलाहरूको पनि रहेको छ । त्यस्तै अशिक्षित हुनेहरूमा वृद्ध तथा केही प्रौढ एकल महिलाहरू, परिवारका अन्य महिलाहरू, केही वृद्धअवस्थाका पुरुषहरू तथा साना छोराछोरीहरू रहेको पाइयो ।

### ४.२.३ जातिगत विवरण

अध्ययन क्षेत्रका एकल महिलाहरूको जातिगत विवरण निम्न तालिका नं. ५ मा देखाइएको छ ।

**तालिका नं. ५**

**एकल महिलाहरूको जातिगत विवरण**

| जाति | संख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण | १४ | ३५ |
| क्षेत्री | १० | २५ |
| ठकुरी | ८ | २० |
| कामी | ८ | २० |
| जम्मा | ४० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका महिलाहरूको जातिगत विवरणलाई अध्ययन गर्दा ब्राह्मणको अधिकतम, सङ्ख्या पाइयो जुन १४ जना (३५%) र क्षेत्रीहरूको सङ्ख्या १० (२५%) रहेको पाइयो । अध्ययन क्षेत्रमा ब्राह्मण तथा क्षेत्रीहरूको नै बढी बसोबास रहेको छ । थोरै सङ्ख्या भएपनि अन्य जातका मानिसहरू पनि यस क्षेत्रमा बसोबास गर्दै आइरहेका छन् जसमा ठकुरी ८ जना (२०%) र कामी ८ जना (२०%) रहेको पाइयो ।

### ४.२.४ पारिवारिक संरचना

एकल महिलाहरूको परिवारको संख्याको आधारमा एकात्मक र संयुक्त प्रकारले विभाजन गरिएको छ र एकात्मक परिवार जसमा आमा र उनका छोराछोरीहरूलाई राखिएको छ भने संयुक्त परिवार जसमा उत्तरदाता एकल महिलाहरूका सासू, ससूरा, देवर, जेठाजु, देउरानी, जेठानी, छोरा बुहारी, नाति नातिना आदिलाई राखिएको छ । यस अध्ययनमा एकल महिलाहरूको समस्याहरू पत्ता लगाउन पारिवाकिर संरचनालाई पनि

महत्वपूर्ण रूपमा समावेश गरिएको छ । एकल महिलाहरूको परिवारको संरचना तलको तालिका नं. ६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ६**

**एकल महिलाहरूको पारिवारिक संरचना**

| परिवारको किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक | १५ | ३७.५ |
| संयुक्त | २५ | ६२.५ |
| जम्मा | ४० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिकामा उत्तरदाता एकल महिलाहरू मध्ये २५ जना (६२.५%) संयुक्त परिवारमा बस्दा रहेछन् । भने बाँकी १५ जना (३७.५%) एकल परिवारमा बस्दा रहेछन् । एकात्मक परिवार भन्दा संयुक्त परिवारको संख्या २५% ले बढी रहेछ । एकल महिलाहरूलाई आफ्नो अंश लिएर छुट्टै बस्न पाउने कानुनी मान्यता प्राप्त भएको छ । तर पनि अध्ययन क्षेत्रका बढी जसो एकल महिलाहरू संयुक्त परिवारमा नै बस्ने गरेको पाइयो । ती मध्ये कुनै एकल महिलाहरू एकल हुनभन्दा अगाडि छुट्टै बस्ने गरेका रहेछन् भने श्रीमान्को मृत्यपश्चात उनीहरूले आफूलाई अशक्त ठान्ने गरेको र नावालक छोराछोरीहरू भएका कारण पनि एक्लै जिम्मेवारी वहन गर्न नसक्नाले संयुक्त परिवारमा बस्ने गरेको पाइयो भने केही एकल महिलाहरू संयुक्त परिवारमा हुँदा नै एकल हुनु परेको र छुट्टै बस्न समाजको नराम्रो दृष्टिकोण तथा व्यवहारले गर्दा संयुक्त परिवारमा नै बस्न वाध्य भएको बताए भने केही एकल महिलाहरू आफूलाई संयुक्त परिवारमा नै बस्न रुचाउने र सुरक्षित महसुस हुन गरेकाले संयुक्त परिवारमा बस्ने एकल महिलाहरूको संख्या बढी देखियो । बढी एकल महिलाहरूको संख्या संयुक्त परिवारमा भएको कारणले गर्दा उनीहरूले परिवारको मूल्यमान्यतालाई कायम राख्ने उद्देश्यका कारण आफूहरूले विभिन्न समस्याहरू भोग्नु परेको बताए । यसबाट के बुझ्न सकिन्छ भने एकल महिलाहरूले आफूलाई कमजोर तथा असक्त ठान्ने गरेको पाइन्छ । जवसम्म उनीहरूले आफूलाई आर्थिक, मनोवैज्ञानिक तथा सामाजिक हरेक हिसावले बलियो बनाउँदैनन् तबसम्म उनीहरूको समस्या हटन सक्दैन । त्यसैले एकल महिलाहरू आत्मनिर्भर हुन जरुरी देखिन्छ । एकात्मक परिवारमा आर्थिक तथा मनोवैज्ञानिक

समस्या बढी देखिएको छ भने संयुक्त परिवारमा बस्ने एकल महिलाहरूमा सामाजिक समस्या बढी पाइएको छ ।

### ४.२.५ स्वास्थ्य स्थिति

एकल महिलाहरूको समस्याहरू पत्ता लगाउने उद्देश्यले गरिएको यस अध्ययनमा अध्ययन क्षेत्रमा एकल महिलाहरूको स्वास्थ्य स्थिति बुझ्न पनि आवश्यक हुन आएकाले उनीहरूसँग प्रत्यक्ष अन्तवार्ताका आधारमा उनीहरूको स्वास्थ्य स्थिति पत्ता लगाइएको छ । जसलाई तलाको तालिका नं. ७ मा देखाइएको छ ।

**तालिका नं ७**

**एकल महिलाहरूको स्वास्थ्य सम्वन्धी विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| स्वस्थ | १० | २५ |
| ग्याष्टिक | १२ | ३० |
| नसा सम्बन्धी रोग | ३ | ७.५ |
| रक्त अल्पता | ५ | १२.५ |
| पाठेघरमा समस्या | ६ | १५ |
| दम | ४ | १० |
| जम्मा | ४० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

अध्ययन क्षेत्रमा कुल ४० जना उत्तरदाताहरू मध्ये २५% को स्वास्थ्य स्वस्थ रहेको पाइयो भने ग्याष्टिकबाट ग्रसित ३०% रहेको पाइयो । त्यस्तै नसा सम्बन्धी ७.५% रोगी पाइयो रक्त अल्पता सम्बन्धी १२.५% रोगी भेटियो त्यसैगरी महिलाहरूको पाठेघर सम्बन्धी समस्या भएका १५% र दम भएका १०% रहेको पाइयो ।

यसबाट के बुझ्न सकिन्छ भने आर्थिक समस्याका कारण एकल महिलाहरू ले आफ्नो रोगलाई पालेर बस्न बाध्य भएका छन् । यस क्षेत्रमा अस्पताल नबनिसकेका र हेल्थपोष्टहरू रहेका छन् तर अस्पताल हरूपनि धेरै टाढा भने छैनन् । यसक्षेत्रबाट सबैभन्दा

नजिक करिब २ किलोमिटरको दुरीमा जिल्ला अस्पताल रहेको छ । तर गाह्रो साह्रो नपरेसम्म डाक्टरलाई नदेखाउने र कुनै औषधि पसलमा नै सोधेर मात्र औषधी खाने लापरवाहि यस क्षेत्रमा पनि पाइएको छ ।

## ४.३ अध्ययन क्षेत्रका एकल महिलाहरूको वैवाहिक र एकल स्थिति

अध्ययन क्षेत्रका एकल महिलाहरूको वैवाहिक र एकल स्थितिको अध्ययन गर्दा प्राप्त भएका कुराहरू जसमा उनीहरूको विवाह भएको उमेर, श्रीमानको उमेर, एकल हुँदाको उमेर तथा एकल हुँदा छोराछोरीको उमेर श्रीमान्को मृत्युको कारण जस्ता विषयहरूलाई निम्नअनुसार व्याख्या गरिएको छ ।

### ४.३.१ विवाह हुँदाको उमेर

कम उमेरमा नै विवाह हुनु, उमेर नपुगी बच्चा जन्माउनु, धेरै उमेरको व्यक्तिसँग विवाह गर्नु जस्ता कारणहरूले पनि महिलाहरूले पछि गएर समस्या भोग्नु परेको पाइन्छ । जस्तै कम उमेरमा नै विवाह हुनु अर्थात् आफू सक्षम नै नभईकन वा सही गलत के हो छुट्याउने अवस्थामा नपुगी कन अर्काको प्रलोभनमा वा परिवारको दवावमा आएर विवाह गर्दा कस्तो व्यक्ति योग्य हुन्छ भन्ने कुरा थाहा नै भएको हुँदैन । जसका कारण कम उमेरमा नै विवाह गर्दा एकल हुन सक्ने सम्भावना धेरै हुन आउँछ । उमेर नै नपुगी बच्चा जन्माउँदा त्यसको पालनपोषण गर्न पछि गएर गाह्रो हुने गरेको पाइन्छ । त्यस्तै आफूभन्दा धेरै फरक उमेर अर्थात् दोब्बर, तेब्बर उमेर भएको व्यक्तिसँग विवाह गर्दा कम उमेरमा नै एकल हुने गरेको पनि पाइएको छ ।

यी माथि उल्लेखित समस्याहरू अध्ययन क्षेत्रका केही एकल महिलाहरूसँग पनि सम्बन्धित भएको हुनाले विवाह हुँदा उनीहरूको उमेर तथा उनीहरूको श्रीमान्को उमेर पनि पत्ता लगाइएको छ । जसलाई तलको तालिका नं. ८ र ९ मा देखाइएको छ ।

**तालिका नं ८**

**उत्तरदाताको विवाह हुँदाको उमेर**

| उमेर समुह (वर्ष) | संख्या | प्रतिशत |
|---|---|---|
| १०-१५ | १२ | ३० |
| १६-२० | २० | ५० |
| २१ भन्दा माथि | ८ | २० |
| जम्मा | ४० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका अनुसार १५ वर्ष भन्दा कम उमेरमा विवाह हुने १२ जना (३०%) रहेछन् । १६ वर्ष देखि २० वर्षको उमेरमा विवाह हुने ३० जना (५०%) रहेछन् । यिनीहरूमा धेरै संख्या प्रौढ एकल महिला छन् भने केही युवा एकल महिलाहरू पनि रहेका छन् । यो अवस्थालाई किशोर अवस्था भनिन्छ । २० वर्ष भन्दा माथिको उमेरमा विवाह हुने ८ जना (२०%) रहेछन् । यो उमेर महिलाहरूको लागि विवाह गर्न योग्य उमेर मानिन्छ । यस उमेरमा विवाह हुने धेरै युवा एकल महिलाहरू छन भने केही संख्या प्रौढ एकल महिलाहरूको रहेको छ । कानूनले विवाह गर्न तोकेको उमेर २० हो । तर त्यस भन्दा कम उमेरमा पनि विवाह हुने गरेको पाइएको छ । १६ वर्ष देखि २० वर्षको उमेरमा विवाह गर्ने उत्तरदाताहरूको संख्या सबैभन्दा बढी (५०%) रहेको पाइयो ।

विवाह हुँदा उत्तरदाता एकल महिलाहरूको श्रीमानको उमेरलाई तलको तालिका नं. ९ मा देखाइएको छ ।

**तालिका नं. ९**

**विवाह हुँदा उत्तरदाताको श्रीमान्को उमेर**

| उमेर समूह (वर्ष) | संख्या | प्रतिशत |
|---|---|---|
| १०-१५ | ३ | ७.५ |
| १६-२० | १८ | ४५ |
| २१ भन्दा माथि | १९ | ४७.५ |
| जम्मा | ४० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

अध्ययन क्षेत्रका एकल महिलाहरूको श्रीमान्को उमेर अध्ययन गर्दा कुल ४० जना मध्ये ३ जना (७.५%) १५ वर्ष भन्दा कम अर्थात नाबालक रहेको पाईयो । यिनीहरू सबै पुरानो सुस्ता रहेको पाइयो । १८ जना (४५%) १६ देखि २० वर्षको उमेर अर्थात किशोर अवस्था रहेको पाइयो । यिनीहरू पनि पुरानो पुस्ता नै रहेको पाइयो भने बाँकी १९ जना (४७.५%) २१ वर्ष भन्दा माथिको उमेर अर्थात विवाह गर्न योग्य उमेर भएको पाइयो । यी १९ जना मध्ये केहीको दोस्रो विवाह भएको पाइएको छ । जसले गर्दा केही उत्तरदाताको उनीहरूको श्रीमान्सँगको उमेरमा धेरै फरक भएको पनि पाइयो । जसकारण केही उत्तरदाताहरू छिटै एकल भएको पाइयो ।

### ४.३.२ एकल हुँदाको उमेर

यस अध्ययनमा एकल महिलाहरूको बारेमा अध्ययन गर्दा उनीहरू एकल भएको उमेरलाई तालिका नं १० मा प्रस्तुत गरिएको छ ।

तालिका नं. १०

**एकल हुँदाको उमेर**

| उमेर समूह (वर्ष) | संख्या | प्रतिशत |
|---|---|---|
| १५-२० | २ | ५ |
| २१-२५ | २ | ५ |
| २६-३० | ४ | १० |
| ३१-३५ | ४ | १० |
| २६-४० | ५ | १२.५ |
| ४१-४५ | ४ | १० |
| ४६-५० | ३ | ७.५ |
| ५१-५५ | ४ | १० |
| ५६-६० | ५ | १२.५ |
| ६१ भन्दा माथि | ७ | १७.५ |
| जम्मा | ४० | १०० |

श्रोत: स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका अनुसार कूल ४० जना उत्तरदाताहरू मध्ये १२ जना (३० प्रतिशत) युवा अवस्था (३५ वर्षभन्दा कम उमेर) मा २१ जना (५२.५) प्रतिशत प्रौढ अवस्था (३६ देखि ६० वर्ष सम्मको उमेर) मा र ७ जना (१७.५ प्रतिशत) वृद्धअवस्था (६० वर्षसम्मको उमेर) मा र ७ जना (१७.५ प्रतिशत वृद्ध अवस्था (६० वर्षसम्मको उमेर) मा एकल भएका रहेछन् । जसमा सबैभन्दा बढी प्रौढ अवस्थामा एकल भएको पाइयो । वृद्धअवस्थामा एकल हुनु स्वभाविक हो । किनकी उनीहरू भन्दा श्रीमान्‌को उमेर केही मात्रामा भए पनि बढी भएको पाइयो । तसर्थ उनीहरूको कालगतिले नै मृत्यु भएको पाइयो । प्रौढ अवस्थामा एकल हुने महिलाहरूको संख्या बढी देखिएको छ । यिनीहरूमध्ये केही एकल महिलाहरूको श्रीमान्‌को अकालमा नै विभिन्न रोग लागेर तथा दुर्घटनामा परी मृत्यु भएको रहेछ भने केही प्रौढ एकल महिलाहरूको आफ्नो उमेरभन्दा दोब्बर, तेब्बर उमेर भएको व्यक्तिसँग विवाह भएकाले पनि छिट्टै एकल भएको पनि पाइयो । त्यस्तै युवा अवस्थामा एकल हुने सबै महिलाहरूको श्रीमान्‌को मृत्यु अकालमा नै भएको पाइयो । ति मृत्यु

हुनेहरूमा केही दुर्घटनामा परी, केही रोग लागेर तथा केहीको संख्या कुलतमा फसेर मृत्यु भएको पाइयो ।

### ४.३.३ श्रीमान्को मृत्युको कारण

एकल महिलाहरूको श्रीमानको मृत्युको कारणलाई पनि अध्ययनमा समेटिएको छ । एकल महिलाहरूलाई समस्या हुनुको मुख्य कारण भनेको नै उनीहरूको श्रीमान्को मृत्य हुनु हो । अन्य महिलाको तुलनामा एकल महिलाहरूलाई बढी नै समस्या देखिएको छ । एकल हुनुभन्दा अगाडि र एकल भए पछि समाजको हेर्ने दृष्टिकोण र व्यवहारमा फरक पनि देखिएको छ । यसरी श्रीमान्को मृत्युपश्चात एकल भएर उनीहरूले समस्या भोग्नु परेको छ । यस अध्ययनमा उनीहरूको श्रीमान्को के कारणले मृत्य भएको रहेछ । अकालमा वा कालगतिले मृत्युहुने कति जना रहेछन् भनी अध्ययन गरिएको छ । जसलाई तालिका नं १२ मा देखाइएको छ ।

**तालिका नं. ११**

**श्रीमान्को मृत्युको कारण**

| उमेर समूह (वर्ष) | संख्या | प्रतिशत |
|---|---|---|
| दुर्घटना | ९ | २८.५ |
| क्यान्सर | ७ | १७.५ |
| मुटुरोग | ६ | १५ |
| दम | २ | ५ |
| पेटको रोग | ६ | १५ |
| वृद्ध (कालगतिले) | १० | २५ |
| जम्मा | ४० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिकाअनुसार कालगतिले मृत्यु भएका १० जना (२५ प्रतिशत) रहेछन तिनीहरू वृद्धअवस्थाका ७० वर्ष नाघेको पाइयो भने बाँकी ३० जना (७५ प्रतिशत) को अकालमा नै मृत्यु भएको पाइयो ।

# अध्याय पाँच

# एकल महिलाहरू र उनीहरूका सामाजिक, आर्थिक एवम् सांस्कृति समस्याहरू

एकल महिलाहरूको समस्याको सम्बन्धमा जानकारी हासिल गर्ने उद्देश्यले गरिएको यस अध्ययनमा मुख्य रूपमा अध्ययन क्षेत्र वैतडी जिल्ला, ग्वाल्लेक गा.वि.स. १ का एकल महिलाहरूको सामाजिक, साँस्कृतिक, आर्थिक तथा मनोवैज्ञानिक पक्ष अर्थात समस्याहरूलाई समेटिएको छ । यसै सन्दर्भमा अध्ययन क्षेत्रमा गरिएको स्थलगत अध्ययनबाट प्राप्त विवरणहरू सबैलाई विभिन्न उपशीर्षक, शीर्षकअन्तर्गत विस्तृत रूपमा तल उल्लेख गरिएको छ ।

## ५.१ अध्ययन क्षेत्रका एकल महिलाहरूको आर्थिक स्थिति एवं समस्या

### ५.१.१ पेशागत विवरण

अध्ययन क्षेत्रका एकल महिलाहरू विभिन्न पेशामा संलग्न रहेका छन् । केही कृषि पेशामा लागेका छन भने केही नोकरी तथा व्यापार, व्यवसायमा लागेका छन र केही एकल महिलालाई ज्याला मजदुरी गरेर पनि आफ्नो तथा परिवारको आर्थिक समस्या टारी रहेका छन् । जसलाई तलको तालिका नं. १३ मा देखाइएको छ ।

**तालिका नं. १२**

**एकल महिलाहरूको पेशागत विवरण**

| पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | २० | ५० |
| नोकरी | ७ | १७.५ |
| व्यापार, व्यवसाय | ६ | १५ |
| ज्याला मजदुरी | ७ | १७.५ |
| जम्मा | ४० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका एकल महिलाहरूमा आधासंख्या कृषि पेशामा नै संलग्न रहेको पाइयो । शैक्षिक स्थिति पनि उच्च नभएका, बालबच्चा पनि साना भएका, संयुक्त परिवारमा रहेका, परिवारबाट पनि अन्य पेशामा लाग्न त्यति महत्व नदिएकाले र आफूमा पनि अन्य पेशा जस्तो नोकरी, व्यापार व्यवसाय गर्न सक्छु भन्ने आँट नआएको, थोरै धेरै जग्गा जमिन भएको जुन सुकै उमेरका एकल महिलाहरू ५० प्रतिशतको संख्यामा कृषि पेशामा नै संलग्न रहेको पाइयो भने शैक्षिक स्थिति पनि उच्च भएका, परिवारबाट पनि समर्थन पाएका तथा छोराछोरी पनि हुर्किएका वा साना भएका पनि परिवारको रेखदेखमा रहेका र केही गर्न सक्छु भन्ने आँट भएका युवा तथा प्रौढ एकल महिलाहरू १७.५ प्रतिशत को संख्या नोकरी पेशातिर लागेको तथा महिलासँग सम्बन्धित संघसंस्थामा पनि संलग्न रहेको पाइयो । सामान्य लेख्न पढन जान्नेदेखि उच्च शिक्षा हासिल गर्ने सम्मका १५ प्रतिशत एकल महिलाहरू विभिन्न व्यापार व्यवसाय संचालन गरी बसेको पाइयो भने १७.५ प्रतिशत एकल महिलाहरू ज्यालामजदुरी गरेर जीवन निर्वाह गरेको पाइयो । उनीहरू उचित शिक्षा हासिल गर्नबाट पनि बंचित तथा आर्थिक अवस्था पनि कमजोर भएका थिए ।

### ५.१.२. परिवारको आम्दानीको स्रोत

यस अध्ययनमा उत्तरदाता एक महिलाहरूको परिवार आम्दानीको स्रोतको पनि अध्ययन गरिएको छ । जसलाई तलाको तालिका नं. १४ मा देखाइएको छ ।

**तालिका नं. १३**

**उत्तरदाताको परिवारको आम्दानीको स्रोत**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | २० | ५० |
| नोकरी | ४ | १० |
| वैदेशिक रोजगार | १० | २५ |
| व्यापार व्यवसाय | ३ | ७.५ |
| ज्यालामजदुरी | ३ | ७.५ |
| जम्मा | ४० | १०० |

श्रोत: स्थलगत सर्वेक्षण, २०७१ ।

एकल महिलाहरूले जुनसुकै पेशा अपनाए पनि उनीहरूको परिवारको आर्थिक अवस्था धान्न वा बलियो बनाउन त्यहाँ कुन चाँहि आम्दानीको स्रोतको उल्लेख्य भूमिका छ अर्थात् जुन आम्दानीको स्रोतविना उनीहरूको परिवारको जीवनयापनमा कठिनाई हुन जान्छ । त्यो नै त्यस परिवारको आम्दानीको मुख्य स्रोत हो । अध्ययन क्षेत्रका ४० जना एकल महिलाहरूमध्ये २० जना आर्थात् ५० प्रतिशतको परिवारको आम्दानीको मुख्य स्रोत कृषि नै भएको उनीहरूले बताएका छन् । १० जना अर्थात् २५ प्रतिशत एकल महिलाहरूको परिवारको आम्दानीको मुख्य स्रोत भनेको वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बनाएका छन् । छोराहरू तथा परिवारका अन्य सदस्यहरू विदेश गएर कमाएर पठाएको रकमबाट नै उनीहरूको परिवारको आर्थिक स्थिति सवल भएको पाइयो । हुन त त्यस परिवारका अन्य सदस्यहरू पनि विभिन्न पेशमा संलग्न रहेका छन तर त्यसबाट उनीहरूको आर्थिक आवश्यकता पूरा नहुने हुँदा त्यस परिवारको मुख्य आम्दानीको स्रोत भनेको वैदेशिक रोजगारी नै रहेछ । ४ जना अर्थात १० प्रतिशत एकल महिलाहरूको परिवारको आम्दानीको मुख्य स्रोत भनेको नोकरी रहेछ । एकात्मक परिवारमा रहेका छन नोकरी पेशा अपनाएकाले उनीहरूले आम्दानीको मुख्य स्रोत नोकरी रहेको बताए भने बाँकी १५ प्रतिशत एकल महिलाहरूमध्ये ७.५ प्रतिशतको परिवारको आम्दानीको मुख्य स्रोत व्यापार व्यवसाय रहेका बताए भने ७.५ प्रतिशतको परिवारको ज्यालामजदुरी नै आम्दानीको मुख्य स्रोत रहेको बताए । ज्यालामजदुरी गर्नेहरूमा निरक्षर एकल महिलाहरू रहेका छन् । उनीहरू एकात्मक परिवारमा बस्दा रहेछन् । ज्यालामजदुरी गरेर प्राप्त रकमबाट नै उनीहरूले आफ्ना छोराछोरीको पालनपोषण गरिरहेको बताए । अन्य महिलाहरूको तुलनामा उनीहरूलाई बढी नै आर्थिक समस्या भएको पाइयो ।

### ५.१.३ जग्गाको स्वामित्व

आर्थिक स्थिति उच्च र न्यून हुनुमा जग्गा जमिन महत्वपूर्ण हुन आउँछ । जग्गा जमिन भनेको अचल सम्पत्ति हो जसलाई दुःखमा उपयोग गर्न पनि सकिन्छ । एकल महिलाहरूको समस्याको बारेमा अध्ययन गर्दा उनीहरूको आर्थिक स्थिति कस्तो छ, आर्थिक समस्या छ कि छैन भनेर बुझ्नको लागि पनि जग्गाको स्वामित्वको अध्ययन गर्न जरुरी देखिन्छ । यसर्थ जग्गाको स्वामित्वलाई दुई आधारमा परिभाषित गरिएको छ । पहिलो आधार अनुसार अध्ययनमा समेटिएका एकल महिलाहरूको परिवारको स्वामित्वमा रहेको जग्गा

जमिनलाई लिएको छ भने दोसो आधार अनुसार एकल महिलाहरूको आफ्नै स्वामित्वमा रहेको जग्गा जमिनलाई लिइएको छ । परिवारको स्वामित्वमा रहेको जग्गाको क्षेत्रफल अनुसारको विवरण तालिका नं. १५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १४**

**एकल महिलाहरूको परिवारको जग्गाको स्वामित्व**

| विवरण (रोपानी) | संख्या | प्रतिशत |
| --- | --- | --- |
| ५-१० | ४ | १० |
| १०-१५ | १२ | ३० |
| १५-२५ | ९ | २२.५ |
| २५-३० | १० | २५ |
| ३० भन्दा माथि | ५ | १२.५ |
| जम्मा | ४० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

अध्ययन क्षेत्रका ४० जना एकल महिलाहरू मध्ये ४ जना (१० प्रतिशत) मात्र जग्गा रहेको पाइन्छ । ३६ जना (९० प्रतिशत) को परिवारको स्वामित्वमा धेरै थोरै भए पनि जग्गा जमिन भएको पाइयो ।

त्यस्तै अध्ययन क्षेत्रका एकल महिलाहरूको आफ्नै स्वामित्वमा रहेको जग्गालाई पनि यस अध्ययनमा समावेश गरिएको छ । कूल ४० जना एकल महिलाहरू मधये १४ जना (३५ प्रतिशत) को आफ्नो नाममा जग्गा रहेको पाइयो भने बाँकी २६ जना (६५ प्रतिशत) एकल महिलाहरूको आफ्नो नाममा कुनै पनि जग्गा जमिन नभएको बताएका छन् ।

### ५.१.४ परिवारको आर्थिक स्थिति

अध्ययन क्षेत्रका एकल महिलाहरूको पारिवारिक आर्थिक स्थिति माथिको तालिका नं. १३, १४ र १५ लाई मध्यनजर गर्दै निश्कर्ष निकालिएको छ । जुन तलको तालिका नं. १६ मा देखाइएको छ ।

**तालिका नं. १५**

**उत्तरदाताको परिवारको आर्थिक स्थिति**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| उच्च | ५ | १२.५ |
| मध्यम | २२ | ५५ |
| निम्न | १३ | ३२.५ |
| जम्मा | ४० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

अध्ययन क्षेत्रका ४० जना उत्तरदाताहरूमध्ये ५ जना अर्थात् १२.५ प्रतिशत एकल महिलाहरूको पारिवारिक आर्थिक स्थिति उच्च (कुनै आर्थिक अभाव नभएको, धेरै जग्गा जमिन भएको साथै विभिन्न पेशा अपनाएको) रहेको पाइयो । २२ जना अर्थात ५५ प्रतिशत एकल महिलाहरूको पारिवारिक आर्थिक स्थिति भने मध्यम (धेरै थोरै जग्गा जमिन पनि भएको साथै खान पुगेर बेच्न पनि सक्ने तथा अन्य सामान्य पेशा पनि आपनाएको) रहेको पाइयो भने १३ जना अर्थात् ३२.५ प्रतिशत एकल महिलाहरूको पारिवारिक आर्थिक स्थिति भने निम्न (जग्गा जमिन नभएको, भए पनि थोरै मात्रामा भएको र जसबाट मात्र खान नपुग्ने तथा अन्य सानोतिनो पेशा अपनाएको) रहेको पाइयो ।

### ५.१.५ पारिवारिक निर्णयकर्ता वा घरमुली र परिवारमा महत्वपूर्ण निर्णय गर्ने समयमा एकल महिलाहरूको भूमिका

यस अध्ययनमा घरको मुख्य व्यक्ति निर्णयकर्ता वा घरमुली लाई पनि अध्ययनमा समेटिएको छ । अध्ययनमा संलग्न कूल ४० जना एकल महिलाहरू मध्ये ११ जनाको घरमूली सासू, १० जनाको घरमूली ससूरा, ५ जनाको घरमुली छोरा, २ जनाको देवर र बाँकी ११ जना उत्तरदाताहरूले घरमुली आफै रहेको बताए ।

एकल महिलाहरूलाई सबै परिवारले समान रूपमा हेरेको पाइएन । कुनै परिवारमा महत्वपूर्ण निर्णय गर्ने समयमा एकल महिला (प्रायः आमा, सासु) को पनि महत्वपूर्ण भूमिका रहेको छ भने कुनै परिवामरा निर्णय गर्ने समयमा एकल महिला, त्यसमा पनि बुहारी

भूमिकाहिन रहेको पाइयो भने कुनै परिवारमा महिलाको निर्णय गर्ने समयमा सामान्य भूमिका पनि पाइयो । यसबाट के बुझ्न सकिन्छ भने हाम्रो परिवार तथा समाजमा एकल महिलाहरूलाई त्यति महत्व दिएको पाइँदैन ।

## ५.२ अध्ययन क्षेत्रका एकल महिलाहरूको सामाजिक सांस्कृतिक स्थिति एवं समस्या

अन्य महिलाहरूको तुलनामा एकल महिलाहरूलाई धेरै समस्याहरू भोग्नु परेको छ । तयसमा पनि उनीहरूले सामाजिक सांस्कृतिक समस्या बढी नै भोग्नु परेको छ । यसै क्रममा ग्वाल्लेक गा.वि.स. १ का एकल महिलाहरूको सामाजिक सांस्कृतिक स्थिति तथा समस्याहरूको अध्ययन गरिएको छ जुन यस प्रकार रहेको छ ।

### ५.२.१ पारिवारिक दृष्टिकोण एवं व्यवहार

अध्ययनका क्रममा उत्तरदाता एकल महिलाहरूको परिवारको दृष्टिकोण एवं व्यवहारलाई पनि महत्वपूर्ण रूपमा हेरिएको छ जुन दृष्टिकोण एवं व्यवहार एकल हुनुभन्दा पहिला कस्तो थियो र एकल भएपछि कस्तो छ भनेर पनि अध्ययन गरिएको छ । यसरी अध्ययन गर्दा कति जनाको परिवारमा सकारात्मक परिवर्तन पनि आएको छ भने कतिको नकारात्मक परिवर्तन आएको पनि पाइएको छ भने केही एकल महिलाको परिवारको व्यवहार पहिलाको जस्तै पाइयो । जसलाई निम्न तालिका नं. १७ मा देखाइएको छ ।

**तालिका नं. १६**

**पारिवारिक दृष्टिकोण एवं व्यवहार**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सकारात्मक परिवर्तन | १० | २५ |
| नकारात्मक परिवर्तन | १९ | ४७.५ |
| परिवर्तन नआएको | ११ | २७.५ |
| जम्मा | ४० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका अनुसार ४० जना एकल महिलामध्ये १० जना (२५ प्रतिशत) को परिवारको दृष्टिकोण एवं व्यवहारमा सकारात्मक परिवर्तन देखिएको छ । सकारात्मक परिवर्तन भन्नाले एकल हुनुभन्दा अगाडिको व्यवहार जस्तो थियो त्यो भन्दा पनि एकल भएपछिको व्यवहार राम्रो पाइयो । उक्त एकल महिलालाई उनीहरूको परिवारले हरेक निर्णय प्रकृयामा सहभागी गराउने, उनीहरूको हौसला बढाइदिने, एकल भएपछि एक्लो महशुस हुन नदिन बढी माया गर्ने आदि जस्ता सकारात्मक परिवर्तन आएको पाइयो । त्यसैले उनीहरूले आफूलाई कुनै पारिवारिक समस्या भने नभएको तर अन्य समस्याहरू (सामाजिक, आर्थिक, मनोवैज्ञानिक आदि) भने रहेको बताए । १९ जना (४७.५ प्रतिशत) एकल महिलाहरूको परिवारको दृष्टिकोण र व्यवहारमा भने केही नकारात्मक परिवर्तननै देखियो । नकारात्मक परिवर्तन भन्नाले एकल हुनुभन्दा अगाडिको दृष्टिकोण तथा व्यवहार जस्तो थियो । त्यो भन्दा पनि एकल भएपछिको दृष्टिकोण तथा व्यहवार नराम्रो भएको पाइयो अर्थात् अलच्छिनी, पोइटोकुवा, मांगालिक कार्यमा साईत नपर्ने जस्ता वचन सहनुका साथै खानपानमा पनि छुट्याउने, बुहारी एकल महिलाहरूले बताएका छन् भने बृद्ध एकल महिलाहरूलाई छोरा बुहारी आदिले हेप्ने गरेको बताएका छन् । परिवारको दृष्टिकोण एवं. व्यवहारमा नकारात्मक परिवर्तन आउने परिवार बढी देखिए । यसको कारण अशिक्षा, जनचेतनाको अभाव र परम्परागत मूल्यमान्यतामा परिवर्तन गर्न नसकेको पाइयो । त्यस्तै ११ जना (२७.५ प्रतिशत) एकल महिलाहरूको भने पारिवारिक व्यवहार पहिलाको जस्तै अर्थात् परिवर्तन नआएको बताएका छन् । ती एकल महिलाहरूमध्ये केही एकल महिलाहरूको परिवारले हेर्ने दृष्टिकोण र गर्ने व्यवहार एकल हुनुभन्दा अगाडि पनि राम्रो थियो र पछि पनित्यस्तै नै रहेको बताए । केही एकल महिलाहरूको परिवारको व्यवहार एकल हुनभन्दा अगाडि पनि सामान्य तथा पछि पनि सामानय नै रहे.को बताए भने केही एकल महिलाहरूको परिवारको दृष्टिकोण तथा व्यवहार एकल हुनुभन्दा अगाडि पनि नराम्रो अर्थात यातना तथा पछि पनि त्यस्तै नै रहेको तिनीहरूले बताएका छन् । हाम्रो जस्तो पितृसत्तात्मक परिवारमा एकल भएर मात्र होइन सधुवालाई पनि यातना दिइरहेको पाइएको छ त्यो चाहे शारीरिक होस वा मानसिक। यिनै यातनाहरूबाट अध्ययन क्षेत्रका एकल महिलाहरू मध्ये केही एकल हुनभन्दा अगाडि पनि पिडित रहेको पाइयो ।

### ५.२.२ समाजको दृष्टिकोण एवं व्यवहार (शिक्षित तथा अशिक्षित वर्गबाट)

यस क्षेत्रमा एकल महिला माथि समाजको दृष्टिकोण एवं व्यवहारलाई अध्ययन गर्दा एकल महिलाहरूको भनाई अनुसार शिक्षित तथा अशिक्षित वर्गको दृष्टिकोण एव व्यवहारमा भिन्नता पाइयो अर्थात, अशिक्षित वर्गका तुलनामा शिक्षित वर्गको दृष्टिकोण तथा व्यवहार राम्रो पाइयो । यहाँ समजको दृष्टिकोण एवं व्यवहार राम्रो, नराम्रो र सामन्य गरी विभाजन गरिएको छ । राम्रो दृष्टिकोण तथा व्यवहारमा एकल महिलाहरूको पनि अन्य व्यक्तिहरू सरह सम्मान गर्ने, उनीहरूलाई उचित अवसर दिने, उनीहरूको हौसला बढाईदिएर तथा उनीहरूलाई उचित सल्लाह सुझावदिएर आत्मनिर्भर बन्न मद्दत गर्ने, आर्थिक अवस्था कमजोर भएका एकल महिलालाई आर्थिक सहयोग गर्ने आदि जस्ता कुराहरू पर्दछन् । एकल महिलाहरूलाई सहयोग, सल्लाह, सुझाव, अवसर तथा हौसला नदिए पनि उनीहरूलाई हेप्ने तथा आत्मसम्मानमा ठेस पुग्ने कुनै अनुचित कार्य पनि नगर्ने गरेको पाइन्छ । जसलाई तलको तालिका नं. १८ मा देखाइएको छ ।

**तालिका नं. १७**

**समाजको दृष्टिकोण एवं व्यवहार**

| विवरण | शिक्षित वर्ग | | अशिक्षित वर्ग | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| राम्रो | २० | ५० | ३ | ७.५ |
| नराम्रो | ५ | १२.५ | २५ | ६२.५ |
| सामान्य | १५ | ३७.५ | १२ | ३० |
| जम्मा | ४० | १०० | ४० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका नं. १७ अनुसार २० जना (५० प्रतिशत) एकल महिलाहरूको भनाई अनुसार शिक्षित व्यक्ति तथा समाजको राम्रो दृष्टिकोण र व्यवहार रहेको बताएका छन् । ५ जना (१२.५ प्रतिशत) ले शिक्षित वर्गको पनि नराम्रो व्यवहार रहेको बताएका छन् । नराम्रो व्यवहार गर्ने शिक्षित वर्गहरूले पुरानै परम्परागत मान्यतालाई नै अवलम्वन गरेको पाइयो भने बाँकी १५ जना (३७.५ प्रतिशत) एकल महिलाहरूले भने शिक्षत वर्गबाट सामान्य व्यवहार रहेको बताएका छन् । सामान्य व्यवहार भन्नाले राम्रो व्यवहार पनि नगर्ने

र नराम्रो व्यवहार पनि नगर्ने बुझियो । त्यस्तै ३ जना (७.५ प्रशित) ले मात्र अशिक्षित व्यक्ति तथा समाजबाट पनि राम्रो दृष्टिकोण तथा व्यहवार रहेको बताएका छन् । राम्रो व्यवहार गर्ने अशिक्षितहरूमा शिक्षाको अभाव भए पनि उनीहरूले एकल महिलाहरूको समस्या बुझेकाले र परम्परागत मान्यता पछ्याउँदै नगएकाले राम्रो व्यवहार गर्ने गरेको पाइयो तर धेरै अशिक्षित व्यक्तिहरू शिक्षा तथा जनचेतनाको अभावका कारण र रुढीवादी परम्परामा अल्झिएका कारणले गर्दा सही गलत छुट्याउन नसकेकाले एकल महिलाहरूप्रति उनीहरूको दृष्टिकोण तथा व्यवहार नराम्रो रहेको पाइयो । त्यसैले २५ जना (६२.५ प्रतिशत) ले अशिक्षित वर्गबाट नराम्रो दृष्टिकोण राख्ने र नराम्रो व्यवहार नै गर्ने बताएका छन भने १२ जना (३० प्रतिशत) ले अशिक्षित वर्गबाट सामान्य व्यवहार रहेको बताएका छन् । यसबाट हामीले के बुझ्न सकिन्छ भने एकल महिलाहरूप्रति हाम्रो समाजको दृष्टिकोण तथा व्यवहार नराम्रो तथा सामान्य भन्दा राम्रो व्यवहार कम नै भेटिन्छ । त्यसमा पनि राम्रो व्यवहार गर्ने तथा दृष्टिकोण राख्ने हरूमा पनि शिक्षित वर्ग नै बढी रहेका छन् । नराम्रो व्यवहार गर्ने शिक्षित वर्ग कम नै देखिए । त्यसैले शिक्षाले पनि नराम्रो दृष्टिकोण र व्यवहारमा परिवर्तन ल्याउन सकिन्छ भन्ने परम्परागत रूढीवादी विचार तथा मान्यता पछ्याउनेहरू शिक्षित नै भए पनि उनीहरूबाट राम्रो व्यवहार हुन नसकेको देखिएको छ ।

### ५.२.३ धार्मिक साँस्कृतिक कार्यमा संलग्नता

धार्मिक तथा साँस्कृतिक कार्यहरू जस्तो विवाह, व्रतबन्ध, पूजा, पूराण आदिमा एकल महिलाहरूको उपस्थितिलाई अपसगुन मान्ने गरेको हाम्रो समाजमा पाउन सकिन्छ। यस अध्ययन क्षेत्रमा पनि एकल महिलाहरूको भनाई अनुसार धार्मिक, तथा शुभकार्यहरूमा उनीहरूलाई अगाडी सर्न दिएको पाइँदैन । एक जना युवा एकल महिलाका अनुसार आफूलाई हरेक शुभकार्य, धार्मिक तथा साँस्कृतिक कार्यमा अगाडि देखिन नदिने, अलि पर बस्नुपर्ने वाध्यता रहेको बताइन जसले गर्दा उनी आफैमा पनि म त विधवा पो हो यस्तो शुभकार्यमा अगाडी आउनु हुन्न भन्ने मानसिकता जबरजस्ती पैदा गराइएको पाइयो । यसरी समाजले गर्दा एकल महिलाहरूमा पनि धार्मिक, साँस्कृतिक कार्यमा संलग्नता पहिलाको भन्दा घट्दै गएको पाइयो भने वृद्ध एकल महिलाहरूको युवा एकल महिलाहरूभन्दा बढी संलग्नता पाइयो । जसलाई तलको तालिका नं. १९ मा देखाइएको छ ।

**तालिका नं. १८**

**एकल महिलाहरूको धार्मिक कार्यमा संलग्नता**

| विवरण | एकल हुनु अघि | | एकल भएपछि | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| धेरै | २१ | ५२.५ | ६ | १५ |
| न्यून | ३ | ७.५ | १४ | ३५ |
| सामान्य | १६ | ४० | १७ | ४२.५ |
| हुँदिन | – | – | ३ | ७.५ |
| जम्मा | ४० | १०० | ४० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका अनुसार अध्ययन क्षेत्रका एकल महिलाहरूको भनाइका आधारमा उनीहरू एकल हुनुअघि धेरै मात्रामा धार्मिक कार्यमा संलग्न भएको पाइयो किनकी कुनै रोकतोक उनीहरूले संलग्न हुन पाउँथे र उनीहरू सुखद भविष्यको कामना लिएर धार्मिक कार्यप्रति संलग्न हुने गरेको पाइयो । थोरै जनामात्र कम संलग्नता पाइयो, उनीहरूले धर्मलाई भन्दा पनि कर्ममा बढी विश्वास गर्ने बताए । धार्मिक कार्यमा संलग्नता हुँदै नहुने कोही पनि नभएको र धर्मप्रति केही भए पनि विश्वासका कारण समान्य रूपमा अन्य उत्तरदाताहरू पनि संलग्न रहेको पाइयो भने उनीहरूको धार्मिक, साँस्कृतिक कार्यमा पहिलाको भन्दा एकल भए पछिको संलग्नता घटेको पाइएको छ । यसको मुख्य कारण हाम्रो समाज नै रहेको पाइयो । किनकी समाजले सजिलैसँग एकल महिलाहरूलाई धार्मिक तथा शुभकार्यमा संलग्न हुन र स्रंलग्न भए पनि अगाडि आउनबाट बञ्चित गर्दछ तर यसको विरोध गरेर पनि एकल महिलाहरू संलग्न भएको पनि पाइयो तर धेरै जसो एकल महिलाहरू स्वतन्त्ररूपले संलग्न हुन नपाएपछि तथा विवाद उत्पत्न हुनाले उनीहरूले आफ्नो चाहना हुँदा हुँदै पनि जबरजस्ती मार्नु परेको देखियो भने कुनै उत्तरदाताहरूको संलग्नता हुँदै नभएको पनि पाइएको छ । केही उत्तरदाताहरूका अनुसार धार्मिक कार्यमा संलग्न घट्नुमा र हुँदै नहुनमा एउटा कारण त हाम्रो समाज हो । जसले उनीरुको उपस्थितिलाई अपसगुन मान्छ र अर्को कारण, उनीरुको धर्म प्रतिको विश्वास नै घट्दै गएको र धार्मिक कार्यमा संलग्न हुने चाहना

कम हुँदै गएको बताएका छन् । २१ औं शताब्दीमा आएर पनि एकल महिलाले यस्ता अनेकौं समस्याहरू भोग्नु परेको पाइएको छ ।

### ५.२.४ रातोकपडा तथा श्रृङ्गारप्रतिको धारणा

रातो कपडा तथा श्रृङ्गारप्रतिको धारणामा पहिलाको भन्दा अहिले आएर केही सुधार भएको भने पाइन्छ तर दुर्गम स्थानमा तथा विकसित स्थानमा पनि केही व्यक्तिहरूमा भने एकल महिलाहरूले रातो लगाउन नहुने धारणा राखेको पाइन्छ । अध्ययन क्षेत्रका कुल ४० जना एकल महिलाहरूको यसप्रतिको धारणा यस प्रकार रहेको पाइन्छ ।

**तालिका नं. १९**

**रातोकपडा तथा श्रृङ्गारप्रतिको धारणा**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो लाग्छ | २९ | ७२.५ |
| नराम्रो लाग्छ | ५ | १२.५ |
| सामान्य | ६ | १५ |
| जम्मा | ४० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका ७२.५ प्रतिशत एकल महिलाहरूलाई रातो कपडा लगाउन र श्रृङ्गार गर्न राम्रो लाग्ने बताएका छन् । किनकी पहिलादेखि नै उनीहरूले लगाउने गरेको रतो रंग तथा श्रृङ्गारलाई एक्कासी एकल भए पछि लगाउनु हुँदैन भन्ने सामाजिक मान्यताले गर्दा यो एकल महिला नै हो भनेर चिन्न सजिलो हुने तथा हेपिने हुनाले पनि रातो लुगा लगाउन र श्रृङ्गार गर्न राम्रो लाग्ने बताए । उनीहरूमध्ये केहीले रातो लाउने गरेको पनि पाइयो । जसमा बढी युवा एकल महिलहरू रहेका छन भने केहीले मन हुँदा हुँदै पनि रातो नलगाएको अर्थात् लगाएपनि फिक्का लगाउने गरेको बताएका छन् । किनकी उनीहरूले त्यसरी लगाएको समाजका अन्य व्यक्ति तथा परिवारका केही सदस्यहरूले मन नपराएका कारण उनीहरू डराएर आफ्नो इच्छा हुँदाहुँदै पनि नलगाएको बताए । यसबाट के बुझ्न सकिन्छ भने हाम्रो समाजमा रहेको परम्परागत रूढीवादी मान्यताका कारण अझै पनि मानिसहरूले यस्तो कुरा सही होइन भनेर बुझ्न सकेका छैनन

जसले गर्दा एकल महिलाहरूले यस्ता सामाजिक समस्या भोग्नु परेको देखिन्छ । अध्ययन क्षेत्रका १२.५ प्रतिशत एकल महिलाहरूलाई भने रातो लगाउनु नराम्रो लागेको बताए, उनीहरूमा सबै वृद्ध एकल महिलाहरू रहेको पाइयो । ती महिलाहरूलाई रातो लगाउनु नराम्रो लाग्नुको कारण उनीहरू परम्परागत मान्यतामा हुर्किदै आएकाले र त्यस माधयतालाई उनीहरूले परिवर्तन गर्न नसक्नाले उनीहरूको रातो लुगा तथा श्रृङ्गारप्रतिको धारणा नराम्रो लाग्ने गरेको पाइयो । १५ प्रतिशत एकल महिलाहरूलाई यसप्रतिको धारणा सामान्य रहेको पाइयो । जसमा प्रौढ अवस्थाका एकल महिला रहेका भेटिए ।

एकल महिलारूले रातो कपडा तथा श्रृङ्गारको प्रयोगप्रतिको धारणामा अध्ययन क्षेत्रका अन्य व्यक्तिहरूको भनाइ राम्रो, नराम्रो तथा सामान्य लाग्नेको संख्या बराबरै जस्तो भेटियो केही मानिसहरूमा चेतनाको अभावले र परम्परागत रूढीवादी मान्यता पच्छ्याउँदै आएका कारण पनि अझै एकल महिलाहरूले लगाउने कुरामा पनि समस्या भोगेका छन्

### ५.२.५ पुनः विवाहप्रतिको धारणा

हाम्रो समाजमा श्रीमती मरेको पुरूषले पुनः विवाह गर्दा त्यसलाई सहज रूपमा लिइन्छ भने यदि श्रीमान् मरेको एकल महिलाले पुनः विवाह बाट सोच्दा समेत त्यसलाई पाप मानिन्छ र उनीहरूले पुनः विवाह गर्दा त्यसलाई अपराध नै ठान्ने गरिन्छ । तर सबै ठाउँमा यो कुरा लागू हुँदैन । कति ठाउँहरूमा एकल महिलाहरूले विवाह गर्दा सम्मान पनि पाएका छन् । अध्ययन क्षेत्रका ४० जना एकल महिलाहरूको पुनः विवाहप्रतिको धारणा निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. २०**

**पुनः विवाहप्रतिको धारणा**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | २१ | ५२.५ |
| नराम्रो | ९ | २२.५ |
| सामान्य | १० | २५ |
| जम्मा | ४० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका अनुसार एकल महिलाहरूको पुनः विवाहप्रतिको धारणाका बारे अध्ययन गर्दा बढी जसो अर्थात् ५२.५ प्रतिशत एक महिलाहरूले इच्छा भए पुनः विवाह गर्दा राम्रो लाग्ने बताए उनीहरूको भनाइअनुसार यदि एकल महिलाहरूको पुनः विवाह गर्ने इच्छा छ भने उनीहरूले पुनः विवाह गरेर पुनर्जिवन पाउँछन जसले गर्दा समाजको नराम्रो दृष्टिकोण तथा व्यवहारबाट बच्न सकिन्छ र आफूले पनि एउटा जीवनसाथी पाउँछन र एक्लो जीवन निर्वाह गर्नु पर्दैन । पुनः विवाहप्रतिको राम्रो धारणा राख्ने एकल महिलाहरू धेरै युवावस्था तथा केही प्रौढ अवस्थाका पाइए भने नराम्रो लाग्नेमा २२.५ बृद्ध तथा केही प्रतिशत रहेको पाइयो । यस प्रति सामान्य धारणा व्यक्त गर्ने एकल महिलाहरूको संख्या २५ प्रतिशत रहेको पाइयो । उनीहरूलाई एकल महिलाहरूले पुनः विवाह गर्दा नराम्रो पनि नलाग्ने र धेरै राम्रो पनि नलाग्ने गरेको बताए । जसमा सबै प्रौढ अवस्थाका एकल महिलामात्र रहेका थिए । अध्ययन क्षेत्रका एकल महिलाहरूले भने पुनः विवाह गरेको पाइएन । तर पुनः विवाहप्रतिको धारणाभने युवा एकल महिला राम्रो रहेको व्यक्त गरेको पाइयो । त्यसमध्ये केही एकल महिलाहरूले इच्छा नभएर नगरेको भनेको पाइयो भने केहीले परिवार तथा समाजका डरले पनि पुनः विवाहबारे सोच्न नसकेको बताएका छन् । यसको मुख्य कारण पनि परम्परागत मान्यतामा आधारित हाम्रो पितृसत्तात्मक समाज नै भएको पाइयो ।

### ५.२.६ समाजबाट लगाइएको दोष तथा आरोप

अध्ययन क्षेत्रका कुल ४० जना एकल महिलाहरू मध्ये १२ जनाले आफूलाई समाजबाट दोष दिएको तथा आरोप लगाएको, १५ जनाले केही दोष तथा आरोप नलगाएको तर व्यवहारमा भने फरक गरेको बताए भने बाँकी १३ जना ले भने दोष पनि नदिएको र व्यवहारमा पनि त्यति फरक नगरेको बताए । समाजबाट दोष तथा आरोप लगाएको बताउने १२ जना एकल महिलाहरूको भनाइ अनुसार, हिडने बेलामा साइत नपर्ने, जसले गर्दा उनीहरू हिँडने बेलामा पनि अगाडि आउन नहुने, कुनै परपुरूषसँग बोल्यो भने अनावश्यक कुरा काट्ने तथा शंकाको दृष्टिले हेर्ने, शुभकार्यमा सरिक हुँदा अलच्छिनी भन्ने तथा अशक्त भएपछि बोक्सीको आरोपहरू लगाएको पाइयो । अझै पनि हाम्रो समाजमा यस्ता कुरितीले जरा गाडेको पाइन्छ ।

### ५.२.७ एकल महिला अशक्तिकरण तथा महिलासँग सम्बन्धित संघसंस्थामा संलग्नता

अध्ययन क्षेत्रका एकल महिलहरू मध्ये केही संख्या एक महिला सशक्तिकरणका प्रयासहरूमा जुटेका छन् भने केही संख्या महिलासँग संघसंस्थाहरूमा पनि संलग्न रहेको पाइयो भने धेरैको संख्यामा चुलो चौकोमा नै सीमित रहेको पाइयो तर तिनीहरू मध्ये पनि अन्य एकल महिला जस्तै एकल महिला समूहमा आवद्ध रहेको भने पाइयो । जुन समुह वैतडी जिल्लाको साहिलेक भन्ने ठाउँमा एकल महिला समूह भनेर महिनामा एक पटक वैठक बस्ने गरेको पाइयो । यस वैतडी जिल्लाको एकल महिला समुहको अध्यक्षले यस एकल महिला समूहलाई नेतृत्व प्रदान गर्दै आइरहनु भएको छ । जसअन्तर्गत एकल महिलाहरूको सशक्तीकरणका विभिन्न कार्यक्रमहरू हुने गरेको पाइन्छ ।

## ५.३ अध्ययन क्षेत्रका एकल महिलाहरूको मनोवैज्ञानिक स्थिति एवं समस्याहरू

एकल महिलाहरूका विभिन्न समस्याहरू मध्ये मनोवैज्ञानिक समस्या पनि एउटा महतवपूर्ण समस्याको रूपमा देखिएको छ । उनीहरूलाई आफ्नो जीवनसाथीको मृत्यपश्चात खेप्नु परेको आर्थिक समस्या, परिवार तथा समाजबाट उत्पन्न सामाजिक साँस्कृतिक समस्या भोगिरहेका एकल महिलाहरू मानसिक रूपमा पनि त्यत्तिकै पिडीत, कुष्ठित हुने गरको छन् अर्थात, उनीहरूको अर्को समस्या भोगिरहेका एकल महिलाहरू मानसिक रूपमा पनि त्यत्तिकै पिडीत, कुण्ठित हुने गरेका छन । यसै क्रममा अध्ययन क्षेत्रका एकल महिलाको मनोवैज्ञानिक स्थिति एवं समस्याहरूको बारेमा गरिएको अध्ययन यस प्रकार रहेको छ ।

### ५.३.१ एकल महिलामा देखिएका मनोवैज्ञानिक असर

श्रीमान्को मृत्य भए लगत्तै शुरू गर्नुपर्ने साँस्कृतिक तथा धार्मिक चलनले पनि एकल महिलहरूलाई चोट पुऱ्याइ रहेको पाइन्छ भने आफ्नो जीवनसाथीको विछोड, परिवारको पालन पोषणको चिन्ता, आफूमाथि परेको बोझ, सामाजिक, साँस्कृतिक परम्परा, नराम्ररी परिचित हुनुपर्ने आदि कारणले एकल महिलाहरूको मनोवैज्ञानिककता मा नराम्रो असर पारेको पाइन्छ । अध्ययन क्षेत्रका एकल महिलाहरूको भनाइअनुसार उनीहरूमा परेको मनोवैज्ञानिक असरबाट मनोवैज्ञानिक असन्तुलन पैदा हुनाले विभिन्न लक्षणहरू देखा परेको पाइन्छ । जुन लक्षणहरूमा रिस उठिरहने, झर्कने, कसैसँग बोल्न मन नलाग्ने, बाहिर हिँडडुल गर्न मन नलाग्ने, निन्द्रा, भोक नलाग्ने, केही गर्न उत्साहको कमी, रौयरहन मन

लाग्ने आदि जस्ता लक्षणहरू उनीहरूमा देखिएको बताए । यि सवै मनोवैज्ञानिक असर पर्नुमा उनीहरूले बताए अनुसार एक रूपमा जीवनसाथीको विछोड्को सोचाइले हो भने अर्को आफ्नो परिवार, समाज तथा परम्परागत रूढीवादी धार्मिक, साँस्कृतिक मान्यता आदि कुराहरूलाई नै जोड दिएको पाइयो ।

### ५.३.२ एकल महिलाहरूको आफ्नो एकल स्थितिप्रतिको दृष्टिकोण

अध्ययन क्षेत्रका एकल महिलाहरूको आफ्नो वैव्य स्थितिप्रतिको दृष्टिकोण निम्न तालिका नं. २२ मा देखाइएको छ ।

**तालिका नं. २१**

**एकल महिलाहरूको आफ्नो एकल स्थितिप्रतिको दृष्टिकोण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| भाग्यको खेल | १० | २५ |
| खोटो कर्म | ९ | २८.५ |
| दु:ख पाउनु लेखेको | १८ | ४५ |
| स्वभाविक अवस्था | ३ | ७.५ |
| जम्मा | ४० | १०० |

श्रोत: स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका अनुसार अध्ययन क्षेत्रका एकल महिलाहरू मध्ये बढीले अर्थात २५ प्रतिशतले दु:ख पाउनु लेखेको भनेर अब दु:खमा नै पूरा जीवन व्यतित गर्नुपर्छ भन्ने आफ्नो दृष्टिकोण व्यक्त गरे । २५ प्रतिशतले भने भाग्यको खेल ठानी भाग्यलाई नै दोष दिएको पाइयो । २८.५ प्रतिशतले भने आफ्नो कर्मलाई नै खोटो भनेको पाइयो । र ७.५ प्रतिशतले भने यसलाई स्वाभाविक अवस्थाकै रूपमा लिए । जसमा वृद्ध अवस्थाका एकल महिलामात्र रहेका थिए ।

### ५.३.३ एकल महिलाहरूलाई एक्लो महसुस हुने समय

आफ्नो जीवनसाथीको मृत्युपश्चात हरेक मानिसलाई अवश्य पनि एक्लो महसुस हुनु स्वभाविक हो । अध्ययन क्षेत्रका एकल महिलाहरूलाई एक्लो महसुस हुने समय निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. २२**

**एकल महिलाहरूलाई एक्लो महसुस हुने समय**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| खानेबेलामा | ८ | २० |
| चाडवाडमा | १९ | ४७.५ |
| सुत्नेबेलामा | ५ | १२.५ |
| दु:खमा | ८ | २० |
| जम्मा | ४० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

उत्तरदाता एकल महिलाहरू मध्ये सबैभन्दा बढी संख्याले चाडवाडको बेला एक्लो महसुस गर्ने बताएका छन् । उनीहरूले अघिपछि भन्दा चाडवाडमा नै बढी सम्झेको पाइयो । किनकी चाडवाड भनेको रमाइलो गर्ने समय हो तर आफ्नो जीवनसाथी गुमाएका एकल महिलाहरू अन्य व्यक्तिहरूले रमाइलो गरेर चाडपर्व मनाइरहेका बेला बढी मात्रामा एक्लो महसुस हुने गरेको बताए, जुन ४७.५ प्रतिशत रहेका छन । १२.५ प्रतिशतले भने सुत्नेबेलामा एक्लो महसुस गर्ने बताएका छन् । उनीहरूका अनुसार दिनभरी काममा व्यस्त हुनाले त्यति एक्लो महसुस नहुने र सुत्ने बेलामा भने उनीहरूले अनेकौं कुरा सोच्ने र सम्झने हुनाले बढी एक्लो महशुस हुने गरेको बताए । खानेबेलामा २० प्रतिशतले एक्लो महसुस गर्ने बताएका छन । आर्थिक अवस्था कमजोर भएका एकल महिलाहरूले दु:ख गरेर छात्र छाक टारिरहेको अवस्थामा खानेबेलामा बढी एक्लो महशुस हुने गरेको बताए भने अन्य एकल महिलाहरूले पहिला सबै परिवार खाना खाने बेलामा सँगै भएको तर पछि नभएकाले एक्लो महशुस गर्ने बताए । दु:खमा आफूलाई साथ दिने जीवन साथीको मृत्यु हुँदा र श्रीमान् नभएकै कारण आफूले दु:ख पाएको भनेर २० प्रतिशत एकल महिलाहरूले दु:खमा एक्लो महसुस गर्ने गरेको बताए । यसरी विभिन्न समयमा आफूलाई एक्लो महसुस गरेर उनीहरूले मनोवैज्ञानिक समस्या भोगिरहेका छन् ।

# अध्याय छ

# सारांश, मुख्य प्राप्ति, निष्कर्ष र सुझाव

## ६.१ सारांश

यस अध्ययनको मुख्य उद्देश्य एकल महिलाहरूको सामाजिक, साँस्कृतिक र आर्थिक स्थितिको वर्णन गर्नु र उनीहरूले भोग्नु परेको सामाजिक, साँस्कृतिक, आर्थिक तथा मनोवैज्ञानिक समस्याहरूको चित्रण गर्नु, एकल महिलाहरूप्रति समाजको र समाजप्रति एकल महिलाहरूको दृष्टिकोण एवं धारणा पत्ता लगाउनु तथा उनीहरू प्रति परिवार र समाजको दृष्टिकोण र व्यवहारको व्याख्या विश्लेषण गर्नु रहेको छ ।

यो अध्ययन वैतडी जिल्ला ग्वाल्लेक गा.वि.स. १ का एकल महिलाहरूमा आधारीत रहेको छ । अध्ययन क्षेत्रमा नमुना छनौट विधि अपनाइएको छैन । कुल ४० जना एकल महिलाहरू रहेकोले सबैलाई अध्ययनमा समेटिएको छ । अध्ययनका क्रममा प्रत्यक्ष अन्तर्वार्ता वैयक्तिक अध्ययन, अवलोकन पद्धति, समूह छलफल गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको छ भने विभिन्न विद्वानहरूका लेख, रचना, प्रकाशन, पुस्तक पत्रपत्रिका साथै गा.वि.स.बाट प्राप्त तथ्यांकहरू आदिलाई समावेश गरी द्वितीयक तथ्यांकहरू संकलन गरिएको छ ।

ग्वाल्लेक गा.वि.स. १ मा जम्मा घरधुरी संख्या १०५ रहेको छ । कूल जनसंख्या ५५० जनामा पुरूष २५० र महिला ३०० मध्ये एकल महिलाको संख्या कूल ४० जना रहेछन् । तिनीहरूमा बाहुन, क्षेत्री, ठकुरी, कामी जातका महिलाहरू रहेका छन् । उनीहरू मध्ये यूवा अवस्थाको २० प्रतिशत, प्रौढ अवस्थाको २५ प्रतिशत र वृद्ध अवस्थाको ३२.५ प्रतिशत रहेको पाइयो जसमा प्रौढ अवस्थाको एकल महिला बढी रहेका छन् । निरक्षर एकल महिलाहरू ४२.५ प्रतिशत रहेको पाइयो साक्षर २५ प्रतिशत र शैक्षिक स्तर प्रा.वि. देखि स्नातक तह सम्म ३२.५ प्रतिशत रहेको पाइयो । शैक्षिक हिसावले केहि संख्या सवल भएपनि अन्य अशिक्षित व्यक्ति तथा परम्परागत रूढीवादी मान्यतामा आधारित व्यक्ति तथा समाजका कारण उनीहरूले विभिन्न समस्याहरू भोग्नु परेको रहेछ । एकल महिलाको पक्षमा कानुनले सही वकालत गरेपनि समाजले भने उनीहरूका लागी वनाइएका रूढीवादी परम्पराहरूलाई अझै पनि तोड्न सकेको पाइएन । एकल महिलाहरूको परिवारको शैक्षिक

स्तरलाई हेर्दा महिलाहरू भन्दा पुरूष नै बढी शिक्षित रहेको पाइयो । त्यसैले समाजमा एकल महिलालाई हेप्ने काम पनि महिलाहरूबाट नै बढी भएको पाइयो तसर्थ उनीहरूले पितृसत्तात्मक धारणाको पालना गर्दै आइरहेको पाइएको छ ।

यस अध्ययन क्षेत्रमा बढी एकल महिलाहरू संयुक्त परिवारमा नै बसेको पाइयो । ६२.५ प्रतिशत संयुक्त परिवारमा र ३७.५ प्रतिशत एकात्मक परिवारमा बस्ने गरेको पाइयो ।

यस क्षेत्र उत्पादनका हिसावले ठिकै रहेको छ । यहाँ धेरै जसो अर्थात ५० प्रतिशत एकल महिलाहरू कृषि पेशामा संलग्न रहेको पाइयो । ५० प्रतिशत एकल महिलाहरूले आम्दानीको श्रोत नै कृषि रहेको बताएका छन् । अन्य पेशाहरूमा नोकरी, व्यापार, व्यावसाय, ज्याला मजदुरी पनि अपनाएको पाइयो भने २५ प्रतिशत एकल महिलाका छोराछोरी रोजगारको लागी विदेशिएको पनि पाइयो । लगभग सबैको (एकल महिलाहरूको) थोरै भए पनि जग्गा भएको पान्छ । त्यसमध्ये ३५ प्रतिशत एकल महिलाहरूले आफ्नो नाममा जग्गा रहेको बताएका छन् । यसरी हेर्दा उनीहरूको आर्थिक स्थिती ३५ प्रतिशतको मध्यम, ३२.५ प्रतिशतको निम्न मध्यम, २७.५ प्रतिशत गरीव र ५ प्रतिशत धेरै गरिब रहेको पाइयो ।

यस क्षेत्रका एकल महिलाहरू मध्ये २० प्रतिशतको विवाह नावालक अवस्थामा गरेको पाइयो । ५० प्रतिशतको किशोर अवस्थामा २० प्रतिशतको भने २० वर्ष पछि अर्थात विवाहका लागी योग्य उमेर भएपछि गरेको पाइयो । त्यस्तै उनीहरूको एकल हुँदाको उमेर भने ३० प्रतिशतको यूवा अवस्था (३५ वर्ष भन्दा कम उमेरमा), ५२.५ प्रतिशतको प्रौढ अवस्था (३६ देखि ६० वर्ष सम्मको उमेरमा) १७.५ प्रतिशतको भने वृद्ध अवस्थामा एकल भएको बताएका छन् । विभिन्न कारणले जस्तैः दुर्घटना, क्यान्सर, मुटुरोग, दम, पेटको रोग र वृद्ध भएर उनीहरूको श्रीमानको मृत्यु भएको रहेछ ।

४० जना एकल महिलाहरू मध्ये २५ प्रतिशतले परिवार को दृष्टिकोण एवं व्यवहारमा सकारात्मक परिवर्तन आएको अर्थात पहिलेको भन्दा राम्रो परितर्वन आएको बताएका छन् । ४७.५ प्रतिशत एकल महिलाहरूले परिवारको दृष्टिकोण र व्यवहारमा नकारात्मक परिवर्तन आएको अर्थात पहिलेको भन्दा पनि नराम्रो नभएको बताएका छन् भने

२७.५ प्रतिशतको परिवारको दृष्टिकोण र व्यवहारमा केही परिवर्तन नै नआएको अर्थात् पहिला जस्तो थियो अहिले पनि त्यस्तै भएको बताएका छन् ।

एकल महिलाहरूप्रति हाम्रो समाजले दृष्टिकोण तथा व्यवहार सामान्य तथा नराम्रो भन्दा राम्रो व्यवहार कम नै भेटिएको उनीहरूले बताएका छन् । राम्रो दृष्टिकोण राख्ने तथा व्यवहार गर्नेहरूमा पनि शिक्षित नै बढी रहेछन्, नराम्रो दृष्टिकोण तथा व्यवहार गर्नेहरूमा अशिक्षित वर्ग धेरै र शिक्षित वर्ग कमै भेटिएको बताएका छन् । एकल महिलाहरूमा समाजको नराम्रो दृष्टिकोण र व्यवहारले गर्दा उनीहरूको धार्मिक, साँस्कृतिक कार्यमा संलग्नता पहिलाको भन्दा घट्दै गएको उनीहरूले बताएका छन् ।

रातो बस्त्र तथा श्रृङ्गारप्रतिको धारणामा धेरै जसो एकल महिलाहरू अर्थात ७२.५ प्रतिशत एकल महिलाहरूलाई रातो लगाउन तथा श्रृङ्गार गर्न राम्रो लाग्ने बताएका छन् जसलाई समाजमा बस्ने केही व्यक्तिले नराम्रो लाग्ने गरेको बताएका छन् त्यसैको प्रभावले हुन सक्छ १२.५ प्रतिशत एकल महिलाहरूलाई रातो लगाउनु नराम्रो लाग्ने गरेको बताए र अन्य १५ प्रतिशतले पनि सामान्य धारणा व्यक्त गरेको पाइयो । अध्ययन क्षेत्रको एकल महिलाहरू मध्ये केहि संख्या एकल महिला सशक्तिकरणका प्रयासहरूमा जुटेका छन् भने केहि संख्या महिलासँग सम्वन्धित संघसंस्थाहरूमा पनि संलग्न रहेको पाइयो, एकल महिलाहरू विभिन्न समूहमा आबद्ध रहेर एकल महिला सशक्तिकरण सम्वन्धि विभिन्न कार्यक्रमहरूमा सहभागि भएको पाइयो ।

श्रीमान्को मृत्यु भएलगत्तै शुरू गर्नुपर्ने साँस्कृतिक तथा धार्मिक चलन, आफ्नो जीवनसाथीको विछोड, परिवारको पालनपोषणको चिन्ता, आफूमाथि परेको बोझ, सामाजिक साँस्कृतिक परम्परा, दृष्टिकोण तथा व्यवहार, नराम्ररी परिचित हुनुपर्ने आदि कारणले गर्दा एकल महिलाहरूको मनोवैज्ञानिकतामा नराम्रो असर परेको कारण मनोवैज्ञानिक असन्तुलन पैदा भई विभिन्न लक्षणहरू जस्तै रिस उठीरहने, झर्कने, कसैसँग बोल्न मन नलाग्ने, बाहिर हिँडडुल गर्न मन नलाग्ने, अनिद्रा, भोक नलाग्ने, केही गर्न उत्साहको कमी आदि लक्षणहरू उनीहरूमा देखिएको बताए । एकल अवस्था हुनुमा उनीहरू मध्ये केहीले भाग्यलाई नै दोष दिए भने केहीले दुःख पाउन लेखेको, खोटो कर्म तथा केहीले यसलाई स्वभाविक अवस्थाकै रूपमा लिए । उनीहरू प्रायः चाडबाडको बेलामा एक्लो महसुस गर्ने गरेको पाइयो, त्यस्तै केहीले खानेबेला, सुत्नेबेला तथा दुःखमा एक्लो महसुस हुने गरेको बताएका छन् ।

## ६.२ मुख्य प्राप्तिहरू

एकल महिलाहरूको स्थिति र उनीहरूका समस्याहरूको बारेमा अध्ययन अनुसन्धान गर्दा विभिन्न प्राथमिक तथा द्वितीयक स्रोतहरूका आधारमा उनीहरूको सामाजिक, साँस्कृतिक, आर्थिक तथा मनोवैज्ञानिक समस्याहरू पत्ता लगाइएको छ साथै उनीहरूलाई परिवार तथा समाजले हेर्ने दृष्टिकोण तथा व्यवहारको बारेमा पनि अध्ययन गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत तथ्याङ्क संकलन गर्न वैतडी जिल्लाको ग्वाल्लेक गा.वि.स. १ लाई चयन गरिएको छ भने द्वितीयक स्रोत विभिन्न लेख, रचना, प्रकाशन, पुस्तक, पत्रपत्रिकाहरू, शोधपत्र तथा गा.वि.स.बाट प्राप्त तथ्याङ्कहरूलाई आधार मानि अध्ययन गरिएको छ । यस अध्ययनको मुख्य प्राप्तिहरू यस प्रकार छन् ।

एकल महिलाहरूको वर्तमान सामाजिक, आर्थिक, अवस्था तथा उनीहरूले भोग्नु परेका विभिन्न समस्याहरू जस्तो सामाजिक, साँस्कृतिक, आर्थिक तथा मनोवैज्ञानिक समस्याहरूको बारेमा जानकारी प्राप्त भएको छ भने समाजमा रहेको पुरुष र महिलाप्रतिको भेदभाव र महिलामा पनि अन्य महिलाहरूको तुलनामा एकल महिलाहरूप्रति भेदभाव बढी रहेको पाइयो । यसका साथै अन्य हरेक क्षेत्रमा तीव्रताका साथ परिवर्तन भइरहेको अवस्थामा अझै पनि एकल महिलाहरू प्रति सामाजिक दृष्टिकोण तथा व्यवहार बदलिन सकेको छैन । तसर्थ उनीहरूले विभिन्न समस्याहरू भोग्नु परेको देखियो । आधुनिकीकरण समाज भइरहदा पनि एकल महिलाको सशक्तीकरण भएको छैन । यसको प्रयास मात्र भइरहेका छन यसका लागि उनीहरूलाई विभिन्न चुनौतिको सामना गर्नु परेको पाइयो । एकल महिलाहरूका समस्याहरू कम गर्नका लागि एकल महिलाप्रतिको नकारात्मक तथा परम्परागत सोचलाई समाजमा बस्ने हरेक व्यक्तिको मस्तिष्कबाट हटाउन र सकारात्मक सोच ल्याउन आवश्यक देखिएको छ । सरकारी नीति तथा कार्यक्रमप्रति सजग रहन, आत्मनिर्णय गर्न तथा एकल महिला सशक्तीकरणका विभिन्न प्रयासहरूमा थप उर्जाको लागि परिवार तथा समाजको दृष्टिकोण तथा व्यवहारमा परिवर्तन हुन आवश्यक देखिएको छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय योजना कार्यक्रमहरूमा एकल महिलाहरूको अधिकार र भूमिकालाई एकीकृत गर्न आवश्यक देखिएको छ ।

## ६.३ निष्कर्ष

ग्वाल्लेक गा.वि.स. १ का एकल महिलाहरूको सामाजिक-साँस्कृतिक, आर्थिक तथा मनोवैज्ञानिक समस्याहरूको बारेमा अध्ययन गर्दा उनीहरूको अवस्थाको बारेमा निम्नानुसार निष्कर्ष निकाल्न सकिन्छ ।

आजभन्दा केही वर्ष अघिका एकल महिलाहरूको जुन अवस्था थियो, उनीहरूको जुन समस्या थियो र जुन सामाजिक साँस्कृतिक प्रणाली थियो, त्यसमा आज पक्कै पनि केही राम्रो परिवर्तनहरू भएको पाइन्छ । जस्तै नेपालमा सती प्रथा बन्द भयो । साथै चलन चल्तीमा रहेको देउकी पथामा केही कमी आएको पाइन्छ । केही एकल महिलाहरूले रातो लगाउने गरेको पाइन्छ, जसले गर्दा उनीहरू एकल नै हो भनेर चिन्न सकिँदैन र समाजबाट पनि अपहेलित हुनु पर्दैन त्यस्तै एकल जीवनलाई त्यागेर पूनर्विवाह गर्नु जस्ता कुराहरू एकल महिलाहरूका लागि पतिरवर्नतर्फ शुरू गरेको सकारात्मक पाइला हो भनेर भन्न सकिन्छ । अध्ययनमा समेटिएका एकल महिलाहरूले पनि परम्परागत सोचाइमा परिवर्तन गरि रातो कपडा तथा श्रृङ्गारको प्रयोग गरेको पाइन्छ र पुनर्विवाह गर्नुलाई पनि मान्यता दिएको पाइन्छ । उनीहरूले एकल महिला समुह गठन गरी यस्ता विभिन्न एकल महिला सशक्तिकरणका प्रयासहरू गर्दै आएका छन्, जसका लागी उनीहरूले समाजका विभिन्न चुनौतिहरूको पनि सामना गरिरहनु परेको छ । समाजका कति व्यक्तिहरूले उनीहरूलाई छाडा भएको आरोप पनि लगाए ।

मानव अधिकारका लागि एकल महिला समूहकी अध्यक्ष लिली थापाले नेपालको ५४ जिल्लाका ४२५ गा.वि.स. का एकल महिला समूहलाई संगठित गरिसकेको जानकारी दिनुभयो । यसरी विभिन्न ठाउँमा एकल महिलासमूह गठन भएको पाइन्छ । बैतडी जिल्ला एकल महिला समूहकी अध्यक्ष गोदावरी भाटले रातो अभियानलाई मिडियाबाट प्रचारप्रसार गर्न बैतडीको भूमिका उल्लेखनीय रहेको बताउनु भयो । यसरी पहिलाको भन्दा आजभोलि केही राम्रो परिवर्तनहरू त पाइएको छ तर पनि हाम्रो समाजमा अन्धविश्वास र रूढीवादी परम्परागत दृष्टिकोण तथा मान्यताहरूले अझै पनि जरा गाडिरहेको पाइएको छ । अध्ययन क्षेत्रका एकल महिलाहरूका अनुसार पनि समाजमा अझै पनि उनीहरूलाई शुभकार्यमा तथा मांगलिक कार्यमा अगाडी आउनमा बंचित गरेको, साइतका बेला देखा पर्न नहुने, खानपान, पहिरनमा बन्देज, बोलीचालीमा नियन्त्रण, परपुरूषसँग बोलचाल गर्न नहुने, विभिन्न शंकाको

दृष्टिले हेर्ने, हेप्ने, पुर्नविवाहलाई मान्यता नदिने जस्ता विभिन्न सामाजिक , साँस्कृतिक समस्या अझै पनि व्याप्त रहेको पाइन्छ । श्रीमानको मृत्यु पछाडी अचानक पर्न आएको जिम्मेवारीका कारण र केही अशिक्षित भएकै कारण पनि आर्थिक समस्या पनि भोगिरहनु परेको पाइयो । यी सबै कारणहरूले गर्दा उनीहरू मानसिक रूपमा विक्षिप्त हुन पुगेको तथा उनीहरूको मनोवैज्ञानिकतामा नै असर पुगेको पाइन्छ जसले गर्दा उनीहरूले आफूलाई एक्लो महशुस गर्ने गरेको पाइएको छ । तर विस्तारै यी कुराहरूमा राम्रो परिवर्तन हुँदै गइरहेको पनि पाइएको छ जसको मुख्य कारण शिक्षा तथा जनचेतना रहेको पाउन सकिन्छ ।

यसरी निष्कर्षमा के भन्न सकिन्छ भने एकल महिलाहरूको मुख्य समस्याहरूमा सामाजिक, साँस्कृतिक, आर्थिक तथा मनोबैज्ञानिक समस्या रहेको छ जसलाई समाधान गर्न एकल महिला सशक्तिकरणको प्रयास भैरहेको पाइन्छ । त्यसका लागी उनीहरूलाई विभिन्न चुनौतिको पनि सामना गर्नुपरिहेको छ । एकल महिला सशक्तिकरण भने पूर्ण रूपमा भैसकेको पाइँदैन । यसका पछाडी जनचेतनाको अभाव, शिक्षाको कमी, कूप्रथा, कूचलन, कूसंस्कृति समाजको दृष्टिकोणमा सकारात्मक परिवर्तन हुन नसक्नु आदि मुख्य कारणहरू रहेका छन् । जसलाई परिवर्तन गर्न सकेमा मात्र एकल महिलाहरूको समस्याको समाधान हुने देखिन्छ ।

## ६.४ एकल महिलासम्बन्धमा भविष्यमा अध्ययन गरिनु पर्ने क्षेत्र तथा सुझावहरू

एकल महिलाहरूका सम्बन्धमा भविष्यमा अध्ययन गर्नु पर्ने विभिन्न क्षेत्रहरू रहेका छन् । एकल महिलाहरूको शैक्षिक अवस्थाको बारेमा अध्ययन गरिनु पर्दछ । शैक्षिक हिसावले सबै एकल महिलाहरू सवल भए मात्र उनीहरू आत्मनिर्भर हुन सक्दछन् जसका लागि निःशुल्क शिक्षाको व्यवस्था तथा प्रौढ कक्षा संचालन गरिनु पर्दछ । आर्थिक क्षेत्रमा एकल महिलाहरूको संलग्नता बारे अध्ययन गरिनु पर्दछ । एकल महिलाहरूको आर्थिक अवस्था उकास्न विभिन्न आयमूलक तथा सीपमूलक कार्यक्रमहरू गराइनु पर्ने । त्यस्तै आधुनिक कृषिप्रणालीको जानकारी दिइनु पर्दछ । जसले गर्दा उनीहरू स्वावलम्बी बन्न सकुन् । राजनैतिक क्षेत्रमा एकल महिलाहरूको सहभागिताबारे अध्ययन गरिनु पर्दछ । राजनैतिक क्षेत्रमा एकल महिलाहरूको सहभागितालाई जोड दिनुपर्दछ जसले गर्दा उनीहरू आफ्नो समस्यालाई आफै माथिल्लो तहसम्म पुऱ्याउन सकुन । छोरा र छोरीप्रतिको भेदभावको बारेमा अध्ययन गरिनु पर्दछ । किनकी शुरुदेखि नै छोरीलाई भन्दा छोरालाई नै

बढी महत्व दिने हाम्रो समाजमा पुरुष एकल भएमा सामाजिक दृष्टिकोण तथा व्यवहारमा परिवर्तन नहुनु र महिला एकल भएमा सामाजिक दृष्टिकोण तथा व्यवहारमा परिवर्तन हुन वा विभिन्न समस्या भोग्नु परेको देखिन्छ । भविष्यमा एकल महिलाहरूप्रति समाज तथा परिवारको दृष्टिकोण तथा व्यवहारमा पहिलाको भन्दा कस्तो परिवर्तन हुँदै गइरहेको छ, त्यसबारेमा अध्ययन गरिनु पर्दछ । एकल महिलाहरूप्रति नकारात्मक धारणामा परिवर्तन ल्याउन विभिन्न चेतनामूलक कार्यक्रमहरू गर्न जोड दिनुपर्ने देखिन्छ । एकल महिलाहरूको मनोवैज्ञानिकताको अध्ययन गरिनु पर्दछ । एकल महिलाहरूले आफूलाई कमजोर नठानी मनोवैज्ञानिकता बलियो बनाउनु सक्नु पर्दछ । जसले गर्दा उनीहरू समाजद्वारा अपहेलित हुन नपरोस् । एकल महिलाहरूप्रतिको असमान कानुन तथा नीति नियम र सामाजिक विभेदको अध्ययन गरिनुका साथै उक्त कुराहरूलाई हटाउन आवश्यक छ । संविधान तथा कानुनमा भएका महिलासम्बन्धी हकअधिकारहरूको बारेमा एकल महिलाहरू कत्तिको सचेत छन भन्ने विषयमा अध्ययन गरिनु पर्दछ । जसबाट उनीहरू आफूले पाउने सुविधाबाट बञ्चित हुन नपरोस् ।

# सन्दर्भग्रन्थ सूची


अस्तित्व त्रैमासिक (२०६१), **एकल महिलाका लागी राष्ट्रव्यापी सन्जाल गठन,** काठमाडौंः एकल महिला सञ्जाल समूह ।

अस्तित्व अर्धबार्षिक (२०६६), एकल महिला दिवस, काठमाडौंः एकल महिला सञ्जाल समूह ।

अस्तित्व अर्धवार्षिक (२०६६), **एकल महिला क्षेत्रीय सञ्जाल गठन,** काठमाडौंः एकल महिला सञ्जाल समूह ।

अस्तित्व अर्धवार्षिक (२०६६), **उमेरको हदबन्दि हटाउन अभियान,** काठमाडौंः एकल महिला सञ्जाल समूह ।

अस्तित्व अर्धवार्षिक (२०६६), **एकल महिला क्षेत्रीय सञ्जाल गठन,** काठमाडौंः एकल महिला सञ्जाल समूह ।

अस्तित्व अर्धवार्षिक (२०६६), **एकल महिलाको मुद्धा अब कोलम्वो घोषणापत्रमा,** काठमाडौंः एकल महिला समूह ।

अस्तित्व त्रैमासिक (२०७०), रातो पहिरन कार्यक्रम, काठमाडौंः एकल महिला सञ्जाल समूह ।

एकल महिला सबलीकरण, **कानुनी पुस्तिका,** काठमाडौंः मानवअधिकारका लागी महिला एकल महिला समूह ।

**एकल महिला सबलीकरण,** सहयोगी पुस्तिका, काठमाडौंः मानव अधिकारको लागी महिला एकल समूह ।

थापा, लिलि (२०६२), **एकल महिला सँगको सहयात्राको अनुभूती,** काठमाडौंः नेपाल टाइम्स ।

ढुगांना, निर्मला (२०६२), **एकल महिलामा सामाजिक संरचनात्मक पीडा**, अस्तित्व त्रैमासिक, काठमाडौंः एकल महिला सञ्जाल समूह ।

रिजाल, सुशीलकुमार (२०६०), **नेपाली समाजका विधवा महिलाहरू,** समाजशास्त्र/मानवशास्त्र विषययको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता परिपूतिको निम्ति तयार पारिएको शोधपत्र, पाटन संयुक्त क्याम्पस ललितपुर ।

देवकोटा, अनिता (२०६१), **समान व्यवहार गरौं,** सभ्यता बचाऔं, अस्तित्व त्रैमासिक, काठमाडौंः एकल महिला सञ्जाल समूह ।

सुनुवार, रमेश (२०६०), **महिला, द सेकेण्ड सेक्स,** काठमाडौंः प्रगति पुस्तक सदन् ।

शर्मा, शिव (२०६६), **आत्मनिर्भर बन्दै एकल महिला,** कान्तिपुर दैनिक, काठमाडौं ।

श्रेष्ठ, कान्ति (२०६३), **एकल महिला (विधवा) को विकासको लागी दक्षिण एसियाली सशक्तिकरण सञ्चाल (SANWED) भूमिका,** अस्तित्व त्रैमासिक, काठमाडौंः एकल महिला सञ्जाल समूह ।

रेग्मी, निर्मला (२०६३), **रातो पहिरनले बढाएको आत्मविश्वास**, अस्तित्व त्रैमासिक, काठमाडौंः एकल महिला सञ्जाल समूह।

पाण्डे, विष्णुमायाँ (२०६१), **अपमानले मलाई संघर्षशील बनायो,** अस्तित्व त्रैमासिक, काठमाडौंः एकल महिला सञ्जाल समूह ।

श्रेष्ठ, ज्ञाइन्द्रबहादुर (२०६४), **मुलुकी ऐन,** काठमाण्डौः पैरवी प्रकाशन ।

सिंह, चेतबहादुर (२०६६), **पैसा दिएर विधवा विवाह गलत**, कान्तिपुर दैनिक, काठमाडौं ।

विरही, यम (२०६६), **सबै विधवालाई भत्ता दिन आदेश,** अन्नपूर्ण पोष्ट, काठमाण्डौ ।

वाग्ले, तारा (२०६६), **लैङ्गिक उत्तरदायी बजेट,** गोरखापत्र दैनिक, काठमाडौं ।

क्षेत्री, रमेश (२०६६), **बजेटप्रति एकल महिलाको आक्रोश,** गोरखापत्र दैनिक, काठमाडौं ।

दवाडी, गीता (२०६६), **बजेटमा लोभ्याउने खेल धेरै,** नागरिक दैनिक, काठमाडौं ।

**नेपालको अन्तिरिम संविधान, २०६३ ।**

पौड्याल, प्रा.डा. वीणा (२०६७), विविध आयाममा नेपाली महिला

# परिशिष्टहरू

## परिशिष्ट १

## अन्तवार्ता प्रश्नावली

### एकल महिलाहरूका लागि

नाम, थरः ठेगानाः

धर्मः जातः

हालको उमेरः

विवाह हुँदाको उमेरः विवाह हुँदा श्रीमान्को उमेरः

एकल (विधवा) हुँदाको उमेरः मृत्यु हुँदा श्रीमान्को उमेर :

१. पारिवारिक विवरण

| सि.नं. | उमेर समुह | नाता | पुरुष | | | महिला | | | कुल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | साक्षर | शिक्षित | अशिक्षित | साक्षर | शिक्षित | अशिक्षित | साक्षर | शिक्षित | अशिक्षित |
| १ | १-५ | | | | | | | | | | |
| २ | ६-१५ | | | | | | | | | | |
| ३ | १६-४५ | | | | | | | | | | |
| ४ | ४६-५९ | | | | | | | | | | |
| ५ | ६० वर्ष भन्दा माथि | | | | | | | | | | |

२. आफ्नो शैक्षिक योग्यताः ........................................

३. श्रीमान्को शैक्षिक योग्यताः ........................................

४. परिवारको शैक्षिक योग्यताः ........................................

५. श्रीमान्को मृत्युको मुख्य कारण के हो ?

..........................................................................................................

६. तपाइँको स्वास्थ्य स्थिति कस्तो छ ?

..........................................................................................................

७. हाल घरमा मुख्य व्यक्ति (मुली) को हुनुहुन्छ ?

..........................................................................................................

८. पेशाः आफ्नोः ...................... घरमुलीको : ........................
अन्य आय स्रोत केही भए : ............................................................

९. तपाइँको परिवारको मुख्य आम्दानीको स्रोत के हो ?

...................................................................................................

१०. तपाइँको परिवारको स्वामित्वमा रहेको जग्गा जमिन र आफ्नो स्वामित्वमा रहेको जग्गा जमिन के कति छ वा छैन ?

...................................................................................................

११. महिलासँग सम्बन्धित कुनै संघसंस्थामा संलग्नता भए उल्लेख गर्नुहोस् ।

...................................................................................................

१२. तपाइँको श्रीमान्को मृत्यु पछि तपाइँले कुनै समस्या भोग्नु पर्‍यो कि परेन ? पर्‍यो भने कस्तो समस्या पर्‍यो ?

...................................................................................................

१३. अहिले तपाइँको केही समस्या छ ? छ भने कस्तो समस्या छ ?

...................................................................................................

१४. एकल महिला सशक्तिकरण के कस्ता प्रयासहरू भएका छन् ? र त्यसका लागि कस्तो चुनौतिको सामना गर्नु परेको छ?

...................................................................................................

१५. धार्मिक कार्यमा कत्तिको संलग्न हुनुहुन्थ्यो ? र हुनुहुन्छ ?

...................................................................................................

१६. परिवार तथा समाजले एकल महिलाहरूप्रति हेर्ने दृष्टिकोण र व्यवहारमा कुनै फरक छ वा छैन ? यदि छ भने के कस्तो फरक छ ?

...................................................................................................

१७. समाजप्रति तपाइँको धारणा कस्तो छ ?

...................................................................................................

१८. एकल महिलाहरूले रातो कपडा तथा श्रृङ्गारका सामानहरू प्रयोग गर्नु तपाइँलाइ कस्तो लाग्छ ?

...................................................................................................

१९. एकल महिला पुनः विवाहलाई तपाइँ कसरी हेर्ने हुन्छ ? हाल केही एकल महिलाहरूले पुनः विवाह गरेको तपाइँलाई कस्तो लाग्छ ?

.......................................................................................................

२०. तपाइँको विचारमा एकल महिला पुनः विवाहलाई हाम्रो समाजले हेर्ने दृष्टिकोण कस्तो छ ?

.......................................................................................................

२१. पुनः विवाहबारे तपाइँले सोच्नु भएको छ कि छैन ? (यो प्रश्न उमेर छँदै एकल भएका महिलाहरूका लागि मात्र )

.......................................................................................................

२२. हाम्रो समाजमा एकल महिलाहरूले सम्मानजनक अवसर प्राप्त गर्न नसकेको जस्तो लाग्छ कि लाग्दैन् ? लाग्छ भने किन होला ?

.......................................................................................................

२३. तपाइँलाई समस्या परेको स्थितिमा परिवारमा अरुले वास्ता गर्छन कि गर्दैनन् ? यदि वास्ता नगरेको खण्डमा तपाइँ के गर्नु हुन्छ ?

.......................................................................................................

२४. हाम्रो समाजले एकल महिलाहरूप्रति सकारात्मक सोच राख्छ कि राख्दैन ? यदि राख्दैन भने कसरी सोचाइमा परिवर्तन ल्याउन सकिएला ?

.......................................................................................................

२५. तपाइँको आफ्नो एकल स्थितिप्रतिको दृष्टिकोण कस्तो रहेको छ ?

.......................................................................................................

२६. तपाइँलाई बढी एक्लो महसुस हुने समय कुन हो र किन ?

.......................................................................................................

२७. समाजमा एकल महिलाहरूलाई हेप्ने काम महिलाहरूबाट धेरै हुन्छ कि पुरुषहरूबाट धेरै हुन्छ

क) महिला ख) पुरुष ग) दुवै घ) दुवैबाट हुँदैन

२८. परिवारमा निर्णय गर्ने समयमा तपाइँको भूमिका कस्तो रहन्छ ?

क) महत्वपूर्ण ख) सामान्य ग) हुँदैन घ) थाहा छैन

२९. समाजमा एकल महिलाहरूलाई सहयोग धेरै जसो कसले गर्दछ ?

क) महिला ख) पुरुष ग) दुवै घ) दुवैबाट हुँदैन

३०. एकल महिलाहरूप्रति शिक्षित व्यक्तिहरूको धारणा कस्तो पाउनु भएको छ ?

क) राम्रो ख) नराम्रो ग) सामान्य घ) थाहा छैन

३१. एकल महिलाहरूप्रति समाजले हेर्ने दृष्टिकोण कस्तो छ ?

क) राम्रो ख) नराम्रो ग) सामान्य घ) थाहा छैन

३२. एकल महिलाहरू प्रति समाजले हेर्ने दृष्टिकोण कस्तो छ ?

क) राम्रो ख) नराम्रो ग) सामान्य घ) थाहा छैन

३३. अन्तमा तपाइँलाई भन्न मन लागेको र यहाँ नसोधिएको कुरा केही भए व्यक्त गर्नुहोस् ।

..........................................................................................

## परिशिष्ट २

## अन्तवार्ता प्रश्नावली

### अन्य व्यक्तिहरूका लागि

नाम, थरः ठेगानाः

लिङ्गः उमेरः

धर्मः जातः

१. शैक्षिक योग्यताः ...............................................................

२. पेशाः ...........................................................................

३. महिलासँग सम्बन्धित कुनै संघसंस्थामा संलग्नता भए उल्लेख गर्नुहोस् ।

क) संलग्न छु ख) संलग्न छैन ग) थाहा छैन

४. समजमा एकल महिलाहरूलाई हेला महिलाहरूबाट धेरै हुन्छ कि पुरुषबाट धेरै हुन्छ ?

क) महिला ख) पुरुष ग) दुवैबाट

५. समाजमा एकल महिलाहरूको सहयोग धेरै जसो महिलाहरूले गर्छन् कि पुरुषहरूले,

क) महिला ख) पुरुष ग) दुवैबाट

६. हालको समयमा केही एकल महिलाहरूले पुनः विवाह गरेको देख्दा तपाइँलाई कस्तो लाग्छ?

क) राम्रो ख) नराम्रो ग) सामान्य घ) थाहाछैन

७. एकल महिलाहरूले रातो कपडा तथा श्रृङ्गारहरू प्रयोग गरेको देख्दा तपाइँलाई कस्तो लाग्छ ?

क) राम्रो ख) नराम्रो ग) सामान्य घ) थाहाछैन

८. हाल एकल महिलाहरूलाई शिक्षित व्यक्तितथासमाजले कस्तो दृष्टिकोणले हेर्दछन् ?

क) राम्रो ख) नराम्रो ग) सामान्य घ) थाहाछैन

९. हाल एकल महिलाहरूलाई अशिक्षित व्यक्ति तथा समाजे कस्तो दृष्टिकोणले हेर्दछन् ?

क) राम्रो ख) नराम्रो ग) सामान्य घ) थाहाछैन

१०. धार्मिक कार्यहरूमा एकल महिलाहरूको सहभागिता कस्तो पाउनु भएको छ?

क) धेरै ख) न्यून ग) सामान्य घ) थाहा छैन

११. एकल महिलाहरू प्रतिको भेदभाव मानवअधिरको हनन भएको जस्तो लाग्छ कि लाग्दैन ?

क) लाग्छ ख) लाग्दैन ग) थाहा छैन

१२. हाम्रो समाजमा एकल महिलाहरूले सम्मानजनक अवसर प्राप्त गर्न नसकेको जस्तो लाग्छ कि लाग्दैन ? लाग्छ भने किन होला ?

........................................................................................................

१३. हाम्रो समाजले एकल महिलाहरूप्रति सकारात्मक सोचाई राख्छ कि राख्दैन ? यदि राख्दैन भने कसरी साोइमा परिवर्तन ल्याउन सकिएला ?

........................................................................................................

१४. एकल महिलाहरूको सम्बन्धमा केही सुझावहरू भए उल्लेख गर्नुहोस् ।

........................................................................................................